राष्ट्रिय साप्ताहिक

# जनजिब्रो

Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्जन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञानवर्द्धक सामग्रीका लागि

newskoseli.com
सबैतिरबाट, सबैका लागि

वर्ष– ३१, अङ्क– २१, पुस ४ गते शुक्रबार, २०८२ (19 December, 2025) | www.janajibro.com | मूल्य रू. १०।-

# एमालेमा ओलीभन्दा गुरुङ लोकप्रिय

## एमालेको ११औं महाधिवेशन सम्पन्न, तेस्रो कार्यकालका लागि पनि ओली नै अध्यक्ष निर्वाचित

■ जनजिब्रो संवाददाता

**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टी (एमाले) को भरखरै सम्पन्न ११औं राष्ट्रिय महाधिवेशनको मत परिणामले अध्यक्ष केपी शर्मा ओलीलाई पुन: अध्यक्षमा विजयी गराए पनि पुपलर मतमा भने अन्य नेता अगाडि देखिएका छन् । अध्यक्षका प्रतिस्पर्धी ईश्वर पोखरेललाई दुई तिहाइभन्दा बढी मतान्तरले पछाडि पार्दै अर्को कार्यकालका लागि विजयी भएका ओलीलाई पपुलर मतमा भने अन्य दुई नेताले पछाडि पारेका हुन् ।



अध्यक्षका प्रतिद्वन्द्वी पोखरेलले ५६४ मत पाउँदा १६६३ मत पाएका ओलीले सर्वाधिक मत ल्याएका होइनन, बरु उपाध्यक्षका उम्मेदवार गुरुङ र पौडेलले बढी प्रतिनिधिको मत जितेको देखिन्छ । सार्वजनिक परिणामले पदाधिकारी सर्वाधिक लोकप्रित मत गुरुङलाई मिलेको देखिन्छ । पपुलर मतका आधारमा अध्यक्ष ओली तेस्रो, पौडेल दोस्रो र गुरुङ पहिलो स्थानमा देखिएका छन् । गुरुङले १७३७ मत तथा पौडेलले १६७५ मत पाउँदा ओली १६६३ मत पाएका थिए । पपुलर मतका आधारमा ओलीपछि सचिव पदका उम्मेदवार महेश बस्नेतले १५३४ मत पाएर चोथौ स्थान पाएका छन् ।

यसैगरी एमाले चुनावबाट ओली पक्षका पद्माकुमारी अर्याललाई १५३०, रामबहादुर थापा बादल १५१६, छविलाल विश्वकर्मा १५०६, शेरधन राई १५०३ र लेखराज भट्ट १४५२ र गोकर्ण राज विष्ट १३६८ मतसहित टप टेनमा आएका छन् । उता पदाधिकारीमा पोखरेल पक्षका दुई नेता विष्ट र योगश भट्टराई पनि टप टेन सूचीमा परेका छन् । उपाध्यक्षमा विजयी रघु

क्रमशः अन्तिम पृष्ठमा

# निष्पक्ष निर्वाचनको वातावरण सरकारले बनाउनुपर्छ : नेकपा

**काठमाडौं ।** नेपाली कम्युनिस्ट पार्टीका नेताहरूले प्रतिनिधिसभा सदस्यको निर्वाचन तोकिएकै गराउन सरकारले निष्पक्ष र भयरहित वातावरण बनाउनु पर्नेमा जोड दिएका छन् । गण्डकी प्रदेशको बागलुङको सदरमुकाममा गत शनिबार आयोजित एकता सन्देश सभालाई सम्बोधन गर्दै नेकपाका नेताहरूले आगामी फागुन २१ गतेलाई निर्धारित प्रतिनिधिसभा सदस्य निर्वाचन हुन नसके वर्तमान सरकारप्रति जनविश्वार घट्ने बताएका हुन् ।

वर्तमान सरकारको एउटै मात्र 'म्याण्डेट' चुनाव गराउने रहेकाले त्यसैमा केन्द्रीत हुन नेकपा नेतृ एवं पूर्वऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालले आग्रह गरेकी छन् । 'फागुन २१ मै निर्वाचन हुनुपर्छ, सरकारले निष्पक्ष र भयरहित रूपमा निर्वाचनको वातावरण बनाउनुपर्छ' उनको भनाइ थियो 'जेन-जी प्रदर्शनपछिको अवस्थामा मुलुकलाई नयाँ जनमतसहित अगाडि बढाउन निर्वाचनको विकल्प छैन । संविधान र लोकतन्त्रको रक्षाका लागि पनि निर्वाचन अपरिहार्य छ ।' अधिकांश पार्टीले निर्वाचनमा जाने निर्णय गरिसकेको उल्लेख गर्दै नेतृ भुसालले बिस्तारै निर्वाचनको वातावरण बन्दै गएको धारणा व्यक्त गरिन् । राष्ट्रिय स्वाधिनताको रक्षाका लागि सबै प्रगतिशील र लोकतान्त्रिक शक्तिहरूबीचको सहकार्यमा समेत जोड दिँदै उनले आगामी निर्वाचनमा नेपाली कम्युनिस्ट पार्टीले ५० प्रतिशत युवालाई उम्मेदवार बनाउने दावी गरिन् ।

एकता सभामा बोल्दै नेकपा नेता एवं पूर्वशिक्षामन्त्री देवेन्द्र पौडेलले निर्वाचनपछि बन्ने सरकारले 'जेन-जी' पुस्ताले उठाएका माग सम्बोधन गर्ने बताए । आफ्नो पार्टी निर्वाचनमा भाग लिन तयार रहेको र एक्लै प्रतिस्पर्धामा उत्रने धारणा व्यक्त गरेका उनको भनाइ थियो 'घोषित निर्वाचनमा हामी भाग लिन्छौं, निर्वाचन प्रक्रियामा 'जेन-जी' पुस्तालाई समेटेर लैजान्छौं, हाम्रो पार्टी आत्माआलोचना सहित जनताका बीच आएको छ, देशव्यापी रूपमा सकारात्मक वातावरण बनेको छ ।' कार्यक्रममा नेतृ दिलकुमारी पन्तले समयमै चुनाव नभए थप समस्या आउने भन्दै निर्वाचन सफल पार्न नेकपाले सरकारलाई सहयोग गर्ने उल्लेख गरिन् ।

# परिवर्तनमा बौद्धिक वर्गको दायित्व

**समय- सन्देश**

प्रा.डा. पारसनाथ यादव

बौद्धिक या प्राज्ञिक हुनु र शिक्षित हुनु फरक विषय हो । शिक्षित व्यक्तिले निश्चित पाठ्यक्रमका दायरामा रहेर ज्ञानको विस्तार गर्छ । शिक्षित व्यक्तिको प्राथमिकता पाठ्यक्रममा मात्र सीमित हुनुहुँदैन । उसको भूमिका या व्याख्या समाजमा कसैका लागि सामान्य र कसैका लागि बौद्धिक आधार हुन सक्छ । बौद्धिक या प्राज्ञिक व्यक्ति भने आफ्नो विद्वता समाजका विशेष मुद्दामा केन्द्रित गर्दै आलोचनात्मक नयाँ दृष्टिकोण दिन उद्यत हुन्छ । शिक्षित व्यक्ति व्याख्यामा सीमित हुन्छ । तर, प्राज्ञिक व्यक्तिले आलोचनात्मक सोचको दक्षता विकास गर्छ । बौद्धिक व्यक्तिको दक्षता संकटका वेलामै बोध हुने गर्छ । प्राज्ञिक व्यक्तिले कार्यकारण र आलोचनात्मक चिन्तनको आफ्नो दक्षता उपयोग गर्दै जटिल परिस्थिति र अवधारणासहित सूत्रबद्ध गर्ने विशेष सोच विकास गर्छ । शिक्षित शब्दको प्रयोग मापनीय परीक्षणका व्याख्यामा सीमित हुन्छ भने प्राज्ञिकता एउटा दृष्टिकोण र विमर्शको तरिका हो । यसमा व्यक्तिलाई दक्षतासहित विश्वदृष्टिकोणको अवधारणा बोध गर्न सहज हुन्छ । अर्थात्, शिक्षित शब्द मापनीय आधारमा बोध गरिन्छ भने बौद्धिकता संसारको वास्तविकता बोध गराउने सन्दर्भमा आएको हुन्छ । उसको वैचारिकता र परिस्थितिको व्याख्या उल्लेख्य र मार्गदर्शक हुन्छ । समाजको पठन या ज्ञानको खानी नै प्राज्ञिकताको दक्षताको आधार हो र यो शैक्षणिक या सिकाइ प्रक्रियाबाट प्रदत्त हुन्छ । यसले व्यक्तिको बौद्धिक उचाइ र प्रतिनिधित्वलाई देखाएको हुन्छ । बौद्धिक या प्राज्ञिक व्यक्ति समाजको निष्क्रिय उपभोक्ता

क्रमशः दोस्रो पृष्ठमा

विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरूका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरूकै सिर्जनात्मक क्षमतामा भर परेर फड्को मार्न तयार हुन्छन्। -लेनिन

**जनजिब्रो साप्ताहिक**
वर्ष- ३१, अङ्क- २१, पुस ४ गते शुक्रबार, २०८२

## सम्पादकीय

# एमाले महाधिवेशन : जनतालाई 'काग र बेल'

नेकपा (एमाले) को एघारौं महाधिवेशन हालै सम्पन्न भएको छ। यसअघि दुई कार्यकाल अध्यक्ष रहिसकेका केपी शर्मा ओलीलाई अध्यक्षमा तेहेऱ्याउँदै र अघिल्लो कार्यकालमा महासचिव रहिसकेको शंकर पोखरेललाई महासचिवमै दोहोऱ्याउँदै एमाले महाधिवेशन सम्पन्न भएको हो।

तीन-तीन पटक प्रधानमन्त्री रहिसकेका एमाले अध्यक्ष ओलीको निरन्तरको कुशासन, अक्षमता, अनियमितता, भ्रष्टाचार र व्यभिचारले सीमा घाघ्दा मुलुक भयङ्कर जटिलतामा फसेको छ र प्रतिगमनतर्फको अधोयात्रामा उन्मुख छ। अकल्पनीय अहङ्कार, अशोभनीय गैरजिम्मेवारी र राष्ट्र एवम् जनताप्रतिको विष्मयकारी गैरजिम्मेवारीका कारण ओलीको पछिल्लो प्रधानमन्त्रीय कार्यकाल अकल्पनीय प्रतिरोधमार्फत टुङ्गियो। ओलीको कुशासन र अत्याचार सिद्धिनु त थियो नै, सिद्धियो; तर, त्यसको निकास त्योभन्दा राम्रो समाधानद्वारा हुनुपर्नेमा मुलुक झन् ठूलो अराजकता, विधिहीनता, अत्याचार, अनियमितता र व्यभिचारतर्फ फस्न पुग्यो। 'जेन जी आन्दोलन/विद्रोह' का नाममा मुलुकमा साम्राज्यवादी कठपुतली र तुच्छ अराजनीतिक तत्त्वहरूको दादागिरी स्थापित हुन पुग्यो। तातो तावाबाट उम्किएर नेपाली जनता भुङ्ग्रोमा खस्न पुगे।

यी राजनीतिक घटनाक्रमको पृष्ठभूमिबीच ओलीको अलोकप्रियता र उनीविरुद्धको जनाक्रोश चरमोत्कर्षमा त पुग्ने नै भयो, पुग्यो; तर, स्वयम् उनकै पार्टी एमालेभित्र समेत गम्भीर रूपले उनको विकल्पको खोजी हुन थाल्यो। समय घर्कँदै जाँदा आफ्नो स्थिति झन्झन् कमजोर हुँदै जाने आँकलन गरिसकेका चतुर ओलीले डेढ वर्ष अगावै एघारौं महाधिवेशन आयोजना गरे र आफूलाई अर्को एक कार्यकालको मूल नेताका रूपमा पुनर्स्थापित गराए। एमालेको यो महाधिवेशन वस्तुतः नेपाल राष्ट्र र नेपाली जनताका निम्ति भने बेल पाक्दा कागलाई न हर्ष, न बिस्मातको अवस्था भएझैंको स्थितिभन्दा भिन्न हुन सक्दैनथ्यो र भएन।

## परिवर्तनमा...

होइन, बरु वर्ग अन्तर्विरोध र यसका विषयमा सधैं वकालत गर्ने सजग व्यक्ति हो।

अमेरिकाको हार्वर्ड विश्वविद्यालयका प्राध्यापक नोम चोम्स्कीले सन् १९६७ मा सामाजिक विज्ञ तथा प्राविधिकका हैसियतले भियतनाम युद्धका सन्दर्भमा गरेको समसामयिक आलोचना विशेष स्मरणीय छ। उनले भियतनाम युद्धमा अमेरिकाद्वारा गरिएको अपराधको भर्त्सना गर्दै सामाजिक या वैज्ञानिक न्यायका विषयमा आवाज उठाएका थिए। यसपछि नै यस विषयमा वैज्ञानिक, गणितज्ञ, औषधिविज्ञ, दार्शनिक सबैको आवाज यस विषयमा उठेको थियो। यसले समसामयिक अवस्थामा विश्वको ध्यान आकर्षित गरेको तथ्य बिर्सन मिल्दैन। दोस्रो विश्वयुद्धपछि म्याकडोनाल्डको जर्मनी र जापानका जनताप्रति त्यहाँको सरकारको उत्तरदायित्वको आधार के थियो भन्ने प्रश्न सामान्य थिएन। अनि, शान्त रूपमा यो प्रश्न हामीतिर पनि फर्कन्छ। वास्तवमा ब्रिटिस र अमेरिकन जनताले जापानी जनतामाथि बम खसालेर के प्राप्त भयो त? यसैले सत्ताकेन्द्रित सरकारको सफेद भुटविरुद्ध बौद्धिक या प्राज्ञिक आक्रमण हुनपर्ने देखिन्छ। परिस्थितिको विश्लेषण कार्यकारण आधारअनुसार आलोचनात्मक दृष्टिकोण दिन पछि पर्नु भनेको शिक्षित पल्टिनु मात्र हो। यस किसिमका प्राज्ञिक बहसमा विशेष मान्यताको अर्थ रहन्छ। हामीसँग भएको राजनीतिक स्वतन्त्रताको शक्ति र सुसूचित हुने स्वतन्त्रताको अधिकार बिर्सन मिल्दैन। यसलाई बोध गराउने उत्तरदायित्व पनि प्राज्ञिकहरूकै हो। यस किसिमको कर्मले नै प्राज्ञिक हुनुमा आनन्द दिने गर्छ। त्यसैले बौद्धिक व्यक्ति गतिहीन उपभोक्ता नभई समय परिस्थितिको बोध गरी आलोचनात्मक मूल्यांकन गर्ने व्यक्ति हो। आफ्नो ज्ञानको भण्डारबाट समाजलाई गति दिन सक्षम आधार पनि बौद्धिक व्यक्ति नै हो।

बौद्धिक र उत्तरदायित्व : बौद्धिक या प्राज्ञिक व्यक्तिले शाब्दिक सहायताले सत्यतथ्यको उद्भाषित गर्छ। समसामयिक यथार्थको उद्घाटन गर्दै जनतामा विचार पुऱ्याउन लागिपर्ने व्यक्ति सामान्तया समाजको शिक्षित सदस्य या बौद्धिक हो। उसको चिन्तन मानवतावादी र प्रजातान्त्रिक पद्धतिका विकासमै रहेको हुन्छ। प्राज्ञिक व्यक्तिले समाज र देशभित्रका परिस्थितिमा मात्र होइन, विश्वमै सत्यका लागि आवाज उठाउँछ। केही समावेशी र अपवादबाहेक सबै मानवता र असल या सत्यका लागि नै बौद्धिक आवाज प्रस्तुत भएको हुन्छ भन्न सकिन्छ। समाजमा जनबौद्धिक आधार बनाउँदै सत्यको प्रतिनिधित्वका लागि होस् या जनताप्रतिको उत्तरदायित्वका विषयमा प्राज्ञिक नेतृत्व स्पष्ट हुनपर्ने देखिन्छ। प्राज्ञिक उत्तरदायित्व सत्यतथ्यपूर्ण पृथक् बौद्धिक आनन्दको एक प्रकार हो। यसमा हाम्रो सामाजिक नीति राष्ट्रिय सम्पदा र राष्ट्रिय सोचको सर्वोच्चता केन्द्रित हुने गर्छ। विचारधाराको सिर्जनात्मक निर्माणमा प्राज्ञिक व्यक्तिको भूमिका विशेष हुने गर्छ। सत्यतथ्यका लागि ऐतिहासिक आधारबाट सामाजिक घटनाको कारण र विश्लेषणमा जोड दिनुपर्ने हुन्छ। समाजप्रतिको नैतिक उत्तरदायित्वबाटै बौद्धिक उत्तरदायित्व मापनीय हुन्छ।

अन्तनियो ग्राम्चीले बौद्धिकता र सांस्कृतिक प्रभुत्वका सिद्धान्तमा सामाजिक वर्गभन्दा भिन्न बौद्धिक या प्राज्ञिकता नहुने दृष्टिकोण प्रस्तुत गरेका छन्। यसो भए पनि प्रत्येक व्यक्ति सामाजिक प्रकार्यमा क्रियाशील हुने र यस क्रममा प्रभुत्व समूह र सीमान्तकृत समूहका रूपमा समाज छुट्टिने उनको मान्यता छ। यस क्रममा उनले बौद्धिकलाई परम्परागत बौद्धिक र जैविक या खाँटी (अर्गानिक) बौद्धिकका रूपमा वर्गीकरण गरेका छन्। परम्परागत बौद्धिकहरू यथास्थितिको निरन्तरतामै रमाएका हुन्छन् भने खाँटी बौद्धिकहरूले प्रत्यक्ष रूपमा सामाजिक वर्गसँग जोडिएका हुन्छन् र यथास्थितिविरुद्ध सामाजिक मुद्दासँग आलोचनात्मक दृष्टिकोण विकास गरेका हुन्छन्। ग्राम्चीका अनुसार सबै मानिस बौद्धिक हुन्छन् र प्रत्येकमा पृथक्-पृथक् क्षमता र दक्षता हुन्छ। यसो भए पनि सबै व्यक्ति राम्रा बौद्धिक भने हुँदैनन् र बौद्धिकको भूमिका पनि पूरा गर्दैनन्। बौद्धिकले त सामाजिक सन्दर्भमा नयाँ चेतना या दृष्टिकोण सिर्जना गर्छन् र पुरानामा नयाँको आधार निर्माण गर्छन्। यसमा पनि अधिसंरचना र विचारधाराअनुसार समूहगत आधारमा बौद्धिकको धरातल रहेको हुन्छ। समसामयिक या परम्परागत सत्तासँग जोडिएका बौद्धिकहरू अधिसंरचनाकै तहमा रहेका हुन्छन्। उनीहरू सत्ताको हितवरिपरि रहेर बौद्धिक खेती गर्छन्। यो सहज देखिन्छ तर सीमान्तका आवाज खोतल्नु या सर्वहारापक्षीय बौद्धिक पक्षधरता कठिन विषय हो।

बौद्धिकहरू समाजका अधिसंरचनाका भाग हुन्। यिनले समाजका अधिसंरचनामा रहेर विचारधारा निर्माण गर्छन्। धेरैजसो बौद्धिक पुँजीवादको श्रेणीगत तहमा रमाउँछन्। पुँजीवाद तथा सत्ताका आपराधिक कार्यविरुद्ध रही सीमान्तीय आवाज उठाउने सबै बौद्धिक जो यस मुद्दामा सचेत र प्रतिबद्ध हुन्छन्, तिनीहरू नै खाँटी वा अर्गानिक बौद्धिक हुन्। सीमान्तकृत समूहको आवाज बुलन्द पार्नमै यो समूह लागिपरेको हुन्छ। सीमान्तकृत वर्गको मानसिक अवस्था र उनीहरूको क्षमता बोध गराउन तथा लुकेको दमित शक्ति प्रस्फुटन गराउन यी बौद्धिकको विशेष भूमिका रहेको हुन्छ। त्यसैले विचारधारामा प्रस्ट भई सीमान्तीय पक्षधरताबाटै बौद्धिक आधार देखाउन सक्नु नै बौद्धिकहरूको वास्तविक उत्तरदायित्व हो।

मार्क्सवादी बौद्धिकहरू वर्गपक्षधरतामै रहेका हुन्छन्। यी बौद्धिकको भूमिका सर्वहारा वर्गपक्षीय आवाजलाई सञ्चार तथा विश्वविद्यालयलगायत ठाउँमा पुऱ्याउन विशिष्ट हुनुपर्ने देखिन्छ। यो सचेतता या जागरणमा सामाजिक संरचना, राजनीति र वर्ग पक्षधरताको उच्च चिन्तनगत आधार र आलोचनात्मक चेत रहेको हुन्छ। वास्तवमा क्रान्तिकारी खाँटी बौद्धिक नै सञ्चार र 'एकेडेमिया'मा प्रवेश गर्न जरुरी छ, किनभने यिनीहरू नै सीमान्तकृत या सर्वहारा वर्गका पक्षमा जागरण या चेतनाको सञ्चरण गर्न सक्षम हुन्छन्। यसर्थ, सञ्चार र विश्वविद्यालय यही बौद्धिक पुस्ताको पर्खाइमा छ।

बौद्धिकको भूमिकामा वर्गसचेत दृष्टि नै उल्लेख्य हुन्छ। विचारको नेतृत्व र सीमान्तीय आवाजका पक्षमा बौद्धिक आवाज स्पष्ट हुनुपर्छ। नयाँ मान्यतामा मार्क्सवादको व्याख्या उच्च वर्गका इलाइटबाटै भएको छ, जुन मार्क्सवादी चिन्तनमा सोचनीय विषय बनेको छ। यी उच्चवर्गीय बौद्धिक मध्यमवर्गीय स्वार्थसँग सम्बद्ध छन्। वास्तविक बौद्धिकहरूले विचारधारा र वर्गसचेतताका विषयमा ध्यान दिन जरुरी छ। छली बौद्धिक र साँचो बौद्धिकबिचको भिन्नता यही चिन्तनगत दृष्टिकोणबाट स्पष्ट हुन जरुरी छ। निम्न वर्गलाई हेर्ने र पक्षधरताको विषयमा यी बौद्धिकबिच भिन्नता देखिन्छ। उच्चवर्गीय बुद्धिजीवीको भूमिका पुँजीवादी विचारधाराकेन्द्रित रहेको छ र पुँजीवादको संवर्द्धनमा विशिष्ट देखिन्छ। यस्तै सच्चा बुद्धिजीवीको भूमिका समाजको वास्तविक संरचना बोध गराउँदै सीमान्त समूह र सर्वहारा वर्गलाई त्यसको दलदलबाट बाहिर निकाल्न सचेत प्रतिबद्धतामै रहेको हुन्छ। त्यसैले, सर्वहारा वर्ग पक्षधरतामा बौद्धिक आधार खोजी गर्दा समाजको वास्तविकतामा प्रवेश गर्दै आलोचनात्मक चेतनाको विकासमा जोड दिनुपर्ने हुन्छ।

दूरदृष्टियुक्त ज्ञान वितरणमा बौद्धिकताको भूमिका रहन्छ। बौद्धिककै कारण समाजको चेतनामा पनि प्रभाव परेको हुन्छ। बौद्धिकहरूले भिडलाई अबौद्धिक क्रियाकलाप र गलत कार्यको भण्डाफोर गर्दै सत्य र असल मार्गको बोध गराउँछन्। समाजको जागरणका लागि बौद्धिकले तत्व, ज्ञान, दक्षता र भलाइमा जोड दिन्छन्। नकारात्मकताबाट सोसाइटीलाई सहज मार्गमा ल्याउन बौद्धिकहरूको भूमिका बिर्सन मिल्दैन। सामाजिक मूल्य, मान्यता रक्षाका लागि बौद्धिकहरूको भूमिका नै अग्रणी हुन्छ। यिनीहरू सामाजिक उत्तरदायित्वका साथै नैतिक आदर्शबाट अभिमुख भएका हुन्छन्। आइन्स्टाइनले भनेझैं संसार खतरामुक्त ठाउँ नभए पनि असल काम गर्न सधैं लागिपर्नाको विकल्प देखिँदैन। यसर्थ, बौद्धिकहरूले आफ्नो क्षमता उपयोग गर्नैपर्ने हुन्छ। समाजलाई नकारात्मक प्रभावबाट मुक्त पार्न मार्गनिर्देशन गर्नैपर्ने हुन्छ। सामाजिक अभिकर्ताका रूपमा देखिन बौद्धिकहरू पछि पर्नुहुँदैन। समाज परिवर्तनका लागि अर्थपूर्ण आधार दिन बौद्धिकताको भूमिका हिजो थियो र आज पनि उत्तिकै रहिरहेको छ।

हाम्रो सन्दर्भमा : नेपालका सन्दर्भमा पनि शिक्षित र बौद्धिकको भूमिका भिन्नभिन्न देखिन्छ। वर्तमानको यथार्थ संश्लेषण र त्यसप्रतिको दृष्टिकोण निर्माणमा बौद्धिकको भूमिका नै उल्लेख्य हुन्छ। नेपालमा संसदीय प्रणालीको असफलता मात्र होइन, यसले सामाजिक स्थितिलाई दलाल र भ्रष्टबाट नियन्त्रित गर्दै नैतिक चरित्रमा संकट सिर्जना गरेको छ। देशमा भ्रष्टाचारमुक्त भई सुशासनका लागि विशेष परिवर्तन आवश्यक छ। सांसदलाई मासिक तलब सुविधा होइन, संसद् बैठक भएको दिनको भत्ता मात्र उपलब्ध गराउने हो भने पनि यसको सामान्य निकास हुन्छ। यस्तै मन्त्रीमण्डल संसद्बाट होइन, विज्ञबाट चयन हुने आधार तय गरिनुपर्छ। यही विकृति बढाने जेन-जी आन्दोलन भएको र यसले उठाएका भ्रष्टाचारविरोधी सुशासनका मुद्दा उपयुक्त देखिन्छन्। पार्टी प्रणालीमा राजनीतिक रूपमा समानता छैन। पहुँचवाला नै पदमा पुग्न सहज भएको छ। विपन्नले यस अवस्थामा चुनाव लड्न सक्दैन। पूर्ण रूपमा समानुपातिक चुनाव नभएसम्म यसले कुनै निकास पनि दिँदैन। त्यसैले, बुद्धिजीवीको सक्रियता यस किसिमको परिस्थितिको ठोस विश्लेषण गरी दृष्टिकोण निर्माणमा केन्द्रित हुन जरुरी छ। शिक्षा, स्वास्थ्यजस्ता विषयमा असमानता सिर्जना भएको छ। यस असमानताबाट मुक्त हुन दृष्टिकोणका साथै समसामयिक विकृतिविरुद्ध नयाँ चिन्तनसहित नयाँ राज्य प्रणालीको खोजीमा सिर्जनशील बौद्धिकहरू प्रतिबद्ध देखिनैपर्छ।

# एमालेको ११औं राष्ट्रिय महाधिवेशन, ओलीको ह्याट्रिक

**काठमाडौं।** नेपाल कम्युनिस्ट पार्टी (एमाले)ले ११औं महाधिवेशनबाट नवनिर्वाचित केन्द्रीय कमिटीको पहिलो बैठक बोलाएको छ। एमालेका नवनिर्वाचित सचिव डा राजन भट्टराईका अनुसार आज दिउँसो १ बजेका लागि बोलाइएको केन्द्रीय कमिटीको पहिलो बैठक बबरमहलस्थित कार्की ब्याङ्केटमा बस्ने भएको छ। बिहीबार सम्पन्न एमालेको ११औं राष्ट्रिय महाधिवेशनले केपी शर्मा ओलीको नेतृत्वमा ३०१ नयाँ केन्द्रीय कमिटी निर्वाचित भएको हो। महाधिवेशनबाट प्रतिद्वन्द्वी ईश्वर पोखरेललाई भारी मतान्तरले पराजित गर्दै तेस्रो कार्यकालका लागि अध्यक्षमा ओली विजयी भए। उनले १६६३ मत ल्याउँदा पोखरेलले ५६४ मत पाएका थिए।

यसैगरी महासचिवमा ओली प्यानलका शंकर पोखरेल पनि विजयी भएका छन्। उपाध्यक्षमा एमालेको पाँच उपाध्यक्षमा पृथ्वीसुब्बा गुरुङ, विष्णु पौडेल, रामबहादुर थापा 'बादल', गोकर्णराज विष्ट र रघुजी पन्त विजयी भएका छन्।

यस्तै एमाले उपमहासचिवमा लेखराज भट्ट, रघुवीर महासेठ र योगेश भट्टराई तथा सचिव पदका लागि ओली प्यानलकै नौजना विजयी भएका छन्। सचिव पदमा विजयीमध्ये महेश बस्नेतले सर्वाधिक मत प्राप्त गरेका छन् भने पद्माकुमारी अर्याल, तेस्रो छविलाल विश्वकर्मा, चौथोमा शेरधन राई, पाँचौंमा हिक्मतकुमार कार्की, छटौंमा खगराज अधिकारी, सातौंमा यामलाल कँडेल, आठौंमा राज भट्टराई एवं भानुभक्त ढकाल नवौंमा स्थानमा परेका छन्।ओली प्यानलबाटै महासचिवमा शंकर पोखरेल दोस्रो कार्यकालका लागि विजयी भए। पोखरेलसँगै १९ पदाधिकारीमध्ये १७ जना ओली प्यानलकै विजयी भए पनि पार्टीभित्र लोकतन्त्र र विधि बसाल्ने भन्दै छुट्टै प्यानल बनाएर निर्वाचनमा होमिएका ईश्वर पक्षले राजनीतिक रूपमा धने विजय हासिल गरेको विश्लेषण हुन थालेको छ।

ईश्वर पक्षले छुट्टै प्यानल घोषणा गरेपछि संस्थापन पक्षले आफ्ना पक्षका उम्मेदवार जिताउन निकै कसरत गर्नुपरेको थियो। त्यसै अवस्थामा पनि ईश्वर पक्षका पदाधिकारीका उम्मेदवारले उल्लेखनीय भोट ल्याएकाले पनि भविष्यमा एमालेभित्रको शक्ति सन्तुलनका हिसाबले समेत महत्वपूर्ण हुने चर्चा हुन थालेको छ। यसअघि एमालेको २०७८ मा चितवनमा सम्पन्न महाधिवेशनमा छुट्टै प्यानल थिएन भने यस पटकको नेतृत्व चयनको निर्वाचनले ईश्वर पक्षको राजनीतिक धार स्थापित गरेको छ।

पदाधिकारी र केन्द्रीय कमिटीमा ओलीको बहुमत भए पनि आगामी १२औं महाधिवेशनसम्म आफ्नो पक्षका नेताहरूलाई सन्तुलनमा राख्न भने चुनौतीपूर्ण हुने टिप्पणी हुन थालेको छ। यतिबेला ईश्वर पक्षका नेताहरूले पार्टीमा आन्तरिक लोकतन्त्र, विधिको शासन र 'जेन-जी' आन्दोलनपछि नेतृत्व हस्तान्तरणका विषयमा बहस उठाइरहने स्पष्टै छ। पदाधिकारीमा ईश्वर पक्षका २ जनाले जित हासिल गरेको छ।

## सरकार–दलबीच गहन वार्ता हुनै सकेन : सहसंयोजक नेपाल

**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टीका सहसंयोजक माधवकुमार नेपालले सरकारले निर्वाचनका लागि राजनीतिक दलहरूसँग घनिष्ठ संवाद गर्नुपर्नेमा जोड दिएका छन् । प्रेस सेन्टर नेपालले सिन्धुलीमाढीमा आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रमलाई सम्बोधन गर्दै पूर्वप्रधानमन्त्री नेपालले आफूहरू निर्वाचनको पक्षमा भए पनि सरकार र राजनीतिक दलबीच गहन वार्ता हुन नसकेको टिप्पणी गरेका हुन् ।

'सरकारले निर्वाचनको वातावरण बनाएको छ भन्न सिन नमिल्ने र निर्वाचनको वातावरण बिथोलेको छ भन्न पनि नमिल्ने अवस्था रहेको छ' भन्दै सहसंयोजक नेपालले आफूहरू चुनावको तयारीमा जुटिरहेको र सरकार र राजनीतिक दलहरूबीचको संवाद पर्याप्त नभएको टिप्पणी गरे ।

'जेन–जी' प्रदर्शनपछि नेपालमा राजनीतिक दलहरूको समर्थनमा जनता छैनन् भन्ने गलत भाष्य निर्माण गरिए पनि पछिल्ला राजनीतिक दलहरूको कार्यक्रमले त्यो भाष्यलाई पुष्टि नगरेको नेता नेपालको धारणा थियो । उनले नेपाली जनता सधैँ राजनीतिक आस्थामा रहेको भन्दै निर्वाचन गर्नका निम्ति सरकारले दलहरूसँग संवाद गर्न जरुरी रहेको स्पष्ट पारे । सञ्चारकर्मीहरूसँग कुराकानी गर्दै सहसंयोजक नेपालले वर्तमान अवस्थामा देश चुनावमै जाला त भन्ने प्रश्न खडा भएको समेत बताए ।

## ओलीको टिममा अटाएनन् स्वतन्त्र जितेका रघुजी

**काठमाडौं ।** एमाले संस्थापन पक्षबाट उपाध्यक्ष पदका लागि प्यानलमा पर्न नपाउँदा स्वतन्त्र उम्मेदवारी दिएका रघुजी पन्त विजयी भएका छन् । भरखरै सम्पन्न एमालेको ११औं महाधिवेशनबाट केपी शर्मा ओली प्यानलका तीन जना उम्मेदवार उपाध्यक्षमा निर्वाचित भएका हुन् ।

एमाले उपाध्यक्षमा ओली प्यानलका तीन जना उम्मेदवार निर्वाचित हुँदा अध्यक्षका अर्का प्रतिस्पर्धी ईश्वर पोखरेल प्यानलका एक र स्वतन्त्रतर्फका एक उपाध्यक्ष विजयी भएका छन् ।यस पटक ओली प्यानलबाट उपाध्यक्षमा दोहोरिनेहरूमा विष्णु पौडेल र रामबहादुर थापा रहेका छन् । पौडेलले १ हजार ६ सय ७५ मत ल्याउँदा थापाले १ हजार ५ सय १६ मत प्राप्त गरे । त्यस्तै पूर्वउपमहासचिव पृथ्वीसुब्बा गुरुङले लोकप्रिय मत(१७३७) प्राप्त गर्दै उपाध्यक्षमा विजयी भएका थिए ।

यसैगरी, पूर्वसचिव समेत रहेका गोकर्ण विष्ट पोखरेल समूहबाट एक हजार तीन सय ६८ मतसहित उपाध्यक्षमा विजयी भएका छन् । संस्थापन पक्षबाट उपाध्यक्षको उम्मेदवार सूचीमा नपरेपछि स्वतन्त्र उम्मेदवारी दिएका पन्त पनि एक हजार दुई सय ५८ मतसहित विजयी भएका छन् । पन्तले आफूलाई ईश्वर पोखरेल र ओली समूह दुवैतर्फका प्रतिनिधिहरूको समर्थन रहेको दाबी गरेका थिए । पन्त यसअघि १०औं महाधिवेशनमा स्थायी कमिटी सदस्यमा निर्वाचित भएका थिए । पछिल्लो समय ओनिकट नै देखिने पन्तलाई शिक्षामन्त्री समेत बनाएका थिए ।

एमालेभित्रको संघर्षमा लामो समय तत्कालीन महासचिव माधवकुमार नेपालनिकट रहेका पन्तलाई नेपालले आफू प्रधानमन्त्री हुँदा प्रमुख राजनीतिक सल्लाहकार समेत बनाएका थिए । एमाले-माओवादी एकता भई नेकपा बनेपछि उनी पुष्पकमल दाहाल-माधवकुमार नेपाल समूहमै थिए । तर सर्वोच्च अदालतको आदेशले दुई पार्टी यथावत रूपमै फर्किएपछि भने उनी ओलीतिरै लागेका थिए । २०३१ मै श्रममन्त्री एवं कुनै समय दृष्टि, बुधबार, छलफल साप्ताहिकलगायतका पत्रिकामा सम्पादनको अनुभव समेत बटुलेका पन्त २०५२ मा पहिलो कम्युनिस्ट प्रधानमन्त्री मनमोहन अधिकारीले प्रेस सल्लाहकार बनाएका थिए ।

एमाले उपाध्यक्षमा विजयी बनेका रघुजीले संसद पुनर्स्थापनाका लागि पार्टीले जोडदार भूमिका निर्वाह गर्ने बताएका छन् । 'राजनीतिक संकट समाधानका लागि हाम्रो जुन नारा छ, त्यसलाई अगाडि बढाउने काम हुन्छ । संसद पुनर्स्थापनाका लागि हामीले जोडदार आवाज उठाउनेछौं र त्यसका लागि आवश्यक प्रयास पनि गरिनेछ' उनको भनाइ थियो 'राजनीतिक दलहरूलाई लोकतन्त्रका लागि कसरी एकजुट बनाएर अगाडि ल्याउने भन्ने विषयमा पनि सक्रिय काम गर्छु ।'

## लामिछानेको जमानत स्वीकार गर्न अदालतको आदेश

**काठमाडौं ।** उच्चअदालत तुलसीपुर, बुटवल इजलासले राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेलाई बैंक जमानत स्वीकार गरी रिहा गर्न आदेश दिएको छ । बुटवलस्थित सुप्रिम सहकारीको रकम ठगी मुद्दामा पुर्पक्षका लागि थुनामा रहेका पूर्वउपप्रधान तथा गृहमन्त्री लामिछानेलाई बिहीबार रिहा गर्न आदेश गरेको हो ।

अदालतका सूचना अधिकारी रामबहादुर कुँवरका अनुसार उच्चअदालत तुलसीपुर बुटवल इजलासका न्यायाधीश वासुदेव आचार्य र तेजनारायण पौडेलको इजलासले अदालतबाट अन्तिम फैसला हुँदा ठहरे बमोजिम हुने नै हुँदा बिगोका हकमा थप दायित्व सृजना गरेमा र तिर्न बुझाउन मञ्जुर भए सो को कागज गरी प्रतिवादी लामिछानेलाई सुप्रिम सहकारीको रकम ठगी मुद्धाको रोहबाट थुनामुक्त गर्नु भनी आदेश भएको छ । सहकारीको रकम अपचलन मुद्धामा पुर्पक्षका लागि थुनामा रहेका लामिछानेले आफू कार्यरत रहेको संस्थामा सुप्रिम सहकारीबाट रकम प्रवाह भएको बिगोमध्ये दामासाहीले हुने बिगो बैंक ग्यारेन्टी राखी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७१ अनुसार बैंक ग्यारेन्टी लिई मुद्धाको पूर्पक्ष गरी पाउँ भनी माग गरेका थिए ।

त्यही मागअनुसार लामिछानेले बचतकर्ताको बिगो प्राप्त गर्ने सुनिश्चितता गरेको देखिएकाले बचतकर्ता तथा लगानीकर्ताको रकम सुनिश्चितता नै पहिलो प्राथमिकता हुने ठहर गरी बैंक जमानत स्वीकार गरी मुद्धाको कारबाही अगाडि बढाउन आदेश गरिएको सूचना अधिकारी कुँवरले जानकारी दिए । यसरी सुरु रूपन्देही जिल्ला अदालतले विसं २०८१ माघ १३ मा सुरु थुनछेकको क्रममा माग गरेको धरौटी रकम दफा ६८ अनुसार स्वीकार गरी प्रतिवादीले निवेदन साथ पेस गरेको बैंक जमानत (ग्यारेन्टी) २ करोड ७४ लाख ८४ हजार बिगोका हक सुरक्षित गर्ने भनी आदेशमा भनिएको छ ।

## महासचिवमा दोहोरिएका शंकर भन्छन्– 'चुनावपछि पक्षधरता अन्त्य हुन्छ'

**काठमाडौं ।** बिहीबार भृकुटीमण्डपमा सम्पन्न महाधिवेशनबाट महासचिवमा दोहोरिएका शंकर पोखरेलले निर्वाचनका क्रममा देखिएको पक्षधरता अब कायम नहुने दावी गरेका छन् । महासचिवमा निर्वाचित भएपछि प्रतिक्रिया दिँदै उनले सबै नेता-कार्यकर्ता एकताबद्ध भएर पार्टी निर्माणमा जुट्ने ठोकुवा गरेका हुन् ।

'चुनावका बेला पक्षधरको विषय देखिनु स्वाभाविक हो' उनको भनाइ थियो 'तर चुनावपछि त्यस्तो हुँदैन । अब हामी सबै मिलेर पार्टी निर्माण गर्छौं ।' आफ्ना निकटतम प्रतिद्वन्द्वी सुरेन्द्र पाण्डेलाई २२९ मतान्तरले पराजित गर्दै निर्वाचित बनेका पोखरेल वामपन्थी विद्यार्थी राजनीतिबाट पार्टी राजनीतिमा प्रवेश गरेका थिए । वैचारिक, राजनीतिक क्षमता र संगठनात्मक कार्यकुशलतामा अब्बल शंकर २०१९ फागुन १५ गते दाङको तुलसीपुर उपमहानगरपालिका-१९ हाडिमेमा बुबा केशवराज शर्मा र आमा तिलकादेवीको कान्छो सन्तानका रूपमा जन्मिएका थिए ।

२०३६ मा भएको विद्यार्थी आन्दोलनमा नेतृत्वयदायी भूमिका खेलेका पोखरेलले भारतमा पढ्दा प्रवासी नेपाली विद्यार्थीहरूको नेताको रूपमा स्थापित भएका थिए । एमाले राजनीति यात्राका क्रममा २०४० मा अखिल भारत नेपाली स्वतन्त्र विद्यार्थी युनियनको संस्थापक अध्यक्ष बनेका पोखरेल २०४५ मा काठमाडौंको त्रिभुवन विश्वविद्यालय क्याम्कसको स्वविय सभापति तथा २०४७ मा एमालेको भातृ संस्था अनेरास्ववियुको अध्यक्ष हुँदै पार्टी स्कुल विभागको उपप्रमुख समेतको जिम्मेवारी निर्वाह गरेका छन् ।

केन्द्रीय कमिटी सदस्य समेत नरहेको अवस्थामा पार्टीको प्रचार विभाग प्रमुख रहेका उनका राजनीतिक, वैचारिक र समाजका विविध क्षेत्रमा थुप्रै पुस्तक र लेख रचनाहरू प्रकाशित छन् । २०६५ मा बुटवल महाधिवेशनबाट केन्द्रीय सचिवमा निर्वाचित पोखरेलले त्यतिबेला पार्टी जीवनको लोकतान्त्रीकरण सम्बन्धमा प्रस्तुत गरेको पूरक प्रस्तावलाई सर्वसम्मत रूपमा पारित भएको थियो । २०७१ मा सम्पन्न नवौं महाधिवेशनबाट स्थायी समिति सदस्य बनेका उनी २०७८ मा सम्पन्न १०औं महाधिवेशनमा सर्वसम्मत महासचिव बनेका थिए । संस्थापन पक्षनिकट पोखरेल पहिलो पटक २०५१ मा दाङको क्षेत्र नम्बर ३ बाट प्रतिनिधिसभा सदस्य निर्वाचित भएका थिए । २०६४ मा समानुपातिकबाट प्रतिनिधिसभा सदस्य बनेका उनी २०६६ मा तत्कालीन माधव नेपाल नेतृत्वको सरकारमा सूचना तथा सञ्चारमन्त्री बन्ने अवसर समेत पाएका थिए ।

२०७० मा भएको दोस्रो संविधानसभा निर्वाचनमा दाङको साबिक क्षेत्रबाट प्रत्यक्ष निर्वाचनमा भाग लिएका उनी पराजय भएका थिए । यस्तै २०७४ मा तत्कालीन नेकपा एमाले र नेकपा (माओवादी केन्द्र) बीच गठबन्धन हुँदा प्रदेशसभा क्षेत्र नम्बर २ सदस्य निर्वाचित भएर ४० महिना मुख्यमन्त्री बने । २०७९ मा भएको प्रतिनिधिसभा सदस्य निर्वाचनमा उनी दाङ-२ बाट नेकपा माओवादी केन्द्रकी उम्मेदवार रेखा शर्मासँग पराजित भए । पटक-पटक जेल जीवन बिताएका पोखरेलले एमाले नेतृ सुजिता शाक्यसँग विवाह गरेका दुई छोरी पिता समेत हुन् ।

## सभापतिमा भिड्ने शेखरको घोषणा

**काठमाडौं ।** नेपाली कांग्रेसका नेता डा शेखर कोइरालाले आगामी फागुन २१ गतेका लागि तोकिएको निर्वाचनमा जानुको विकल्प नभएको बताएका छन् । बुधबार विराटनगरमा सञ्चारकर्मीहरूसँग बातचित गर्दै नेता कोइरालाले संविधानलाई ट्र्याकमा ल्याउनकै लागि चुनावको विकल्प नभएको बताएका हुन् ।

सञ्चारकर्मीसँग कुराकानी गर्दै उनले सरकार बनेदेखि नै संविधान ट्र्याकबाहिर गएको बताउँदै आएका छन् । 'फागुन २१ गते निर्वाचन नभए भन् ठूलो संवैधानिक संकट आउनेछ । यसैले कांग्रेसले निर्वाचनमा जोड दिएको हो' कोइरालाले सरकारको आलोचना गर्दै भने 'तोकिएको समयमा निर्वाचन गराउने हाम्रो आकांक्षा थियो, तर सरकारले निर्वाचनको वातावरण बनाउन सकेको छैन ।'

'यदि निर्वाचन नभए संसद पुनर्स्थापनाको सम्भावना बलियो हुनेछ' नेता कोइरालाले आगामी महाधिवेशनमा आफू सभापतिको उम्मेदवार बन्ने बताए । नेपाली कांग्रेसको विधानअनुसार शेरबहादुर देउवा पुनः सभापतिको उम्मेदवार हुन नमिल्ने धारणा व्यक्त गरे ।

## ऊर्जाशील र चरित्रवान् नेतृत्वको खाँचो : राष्ट्रपति पौडेल

**काठमाडौं ।** राष्ट्रपति रामचन्द्र पौडेलले जनताले सुम्पिएको जिम्मेवारीलाई बोध गर्दै सबै मिलेर देश विकासमा समर्पित हुन आह्वान गरेका छन् । काठमाडौं महानगरको ३१औं स्थापना दिवसका अवसरमा यहाँ आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै राष्ट्रपति पौडेलले त्यसका लागि नवीन सोच, शैली र योजना एव त्यसलाई पूरा गर्न दृढ अठोट, ऊर्जासहित आचरणशील र चरित्रवान नेतृत्वको खाँचो रहेकोमा जोड दिएका हुन् ।

'संघीय लोकतान्त्रिक गणतन्त्रमा जनताले सुम्पिएको जिम्मेवारीलाई अन्तस्करणबाटै बोध गर्दै सबै मिलेर देश विकासमा समर्पित होऔं, इतिहासबाट अनुभव, पाठ र शिक्षा लिएर वर्तमानको चाहना र आवश्यकता सम्बोधन गरी भावी सन्ततिलाई समृद्ध नेपाल सुम्पने दायित्व हाम्रो काँधमा छ, यो दायित्व पूरा गर्नबाट हामी चुक्न हुँदैन भन्ने म ठान्दछु, त्यसका लागि नवीन सोच, शैली र योजना तथा त्यसलाई पूरा गर्न दृढ अठोट, ऊर्जासहित आचरणशील र चरित्रवान नेतृत्वको खाँचो छ' राष्ट्रपति पौडेलको भनाइ थियो । राजनीति पेशा, व्यवसाय होइन यो त समाजसेवाको उत्कृष्ट माध्यम हो भन्ने भाव सबैमा जागृत हुन जरूरी भएको उल्लेख गर्दै राष्ट्रपति पौडेलले भने 'नेपाली जनताले यतिबेला हामीसँग गरेको मुख्य अपेक्षा नै यही हो भन्ने पनि हामी नभुलौं ।'

युवा पुस्ताको प्रदर्शनमा प्रकट भएको चाहना पनि यही रहेको राष्ट्रपति पौडेलको भनाइ थियो 'मुलुकसामु विद्यमान समस्यालाई निकास दिनका लागि जनताको अभिमत लिने विषय लोकतन्त्रको सबैभन्दा उच्चतम विधी हो, त्यही भएर युवा पुस्ताले चाहेको परिवर्तनको चाहनालाई मूर्त रूप दिन आगामी फागुन २१ गते प्रतिनिधिसभा सदस्यको निर्वाचन हुँदैछ, यसलाई सफल पारेर अघि बढौं र सामाजिक न्यायसहित सुशासनका माध्यमबाट समृद्ध नेपाल निर्माणको अभियानमा सहभागी बनौं भन्ने अपिल पनि म यस अवसरमा गर्दछ ।' कार्यक्रममा उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानन्यायाधीश प्रकाशमान सिंह राउत, सभामुख देवराज घिमिरे र राष्ट्रियसभाका अध्यक्ष नारायण दाहालको सहभागिता रहेको थियो ।

## बढ्दो उमेर अनुभवको भण्डार : अभिनेत्री भुसाल

**काठमाडौं ।** अभिनेत्री बसुन्धरा भुसालले बढ्दो उमेरलाई आयु घटिरहेको नभई अनुभवी बनिरहेको भनेर बुझ्न आग्रह गरेकी छन् । न्युरोडस्थित चलचित्र भवन रञ्जना सिनेप्लेक्समा 'गयो गयो उमेर, बाँचौं रमेर' गीतको श्रव्यदृश्य सार्वजनिक गर्न आयोजित कार्यक्रममा अभिनेत्री भुसालले कलाकारिता र उमेरका चुनौतीका विषयमा चर्चा गर्दै सो कुरा बताएकी हुन् ।

'बढ्दो उमेरले हामीलाई अनुभवी बनाएको छ । आफ्नो स्वास्थ्यको ख्याल राख्न सके बढ्दो उमेरको सुन्दरतातर्फ हाम्रो ध्यान जान्छ । हामीले सकरात्मक पक्षलाई बढाउनु जरुरी छ । म आफैं अहिले ७५ वर्षको भएँ, तर आफ्नो कामले मलाई अनुभवी बनाएको छ, बूढो होइन' भन्दै उनले यस्ता विषयलाई गीतले राम्रोसँग प्रस्टयाएकोले गीत सुन्दर बनेको बताइन् ।

ढिलै भए पनि आफ्नो इच्छालाई पूर्णता दिएको भन्दै गायिका लक्ष्मी भुजेल महर्जनलाई गायन क्षेत्रमा निरन्तर लागिरहन उनको आग्रह थियो । 'मैले अभिनयको सुरुआत गर्दा परिवार र समाज दुवैबाट साथ पाउन मुस्किल थियो । समाजले मेरो अगाडि प्रसंशा गरे पनि कुरा काटेको पनि सुनेकी छु । अहिले गायिका महर्जनलाई झन्डै ५० वर्षको उमेरमा परिवारले नै साथ दिएर गायिका बनाएको सुन्दा खुसी लाग्छ । हाम्रो समाजले कलालाई झन् धेरै सम्मान गर्न लागेको अनुभूति हुन्छ' उनले भनिन् । अभिनेत्री मिथिला शर्माले गायिका महर्जनको आँटलाई देखेर आफू प्रभावित भएको बताउँदै उमेरले हामीलाई केहीमा रोक्न नसक्ने एउटा उदाहरण नै गायिका महर्जन भएको बताइन् । 'त्यसैले बढ्दो उमेरसँग डराउने नभई रमाउने हो । आफ्नो कर्ममा इमान्दारिताका साथ लाग्नुपर्छ, यो सन्देश गीतले दिएको छ' शर्माले भनिन् ।

कार्यक्रममा गायिका महर्जनले बाल्यकालदेखि नै गायनमा रूचि भए पनि पारिवारिक दायित्वका कारण निरन्तरता दिन नसकेको सुनाइन् । 'मैले परिवारलाई समय दिएँ, किनकि त्यो समय मेरो त्यही दायित्व थियो' उनले भनिन् 'अहिले परिवारको साथले मैले आफ्नो सपना पूरा गरेकी छु ।' संगीतकार शिव शाहीको संगीतमा तयार भएको उक्त गीतको श्रव्यदृश्यमा अभिनेत्री शर्मासँगै कृष्णभक्त महर्जन, अर्जुन रञ्जित, जिनेन्द्रमान जोशी, न्युछे महर्जन, सुशीला भुजेल, लक्ष्मी भुजेल महर्जन, सविना महर्जन, उर्मिला जोशी, सृजना मानन्धर, लीला कट्टेल, जिभिसनमान जोशी, बीना जोशी, नीरज अंशु प्रधान, चन्द्रमान श्रेष्ठ, रमेश श्रेष्ठ, राहुल थापालगायतले अभिनय गरेका छन् ।

# गाईभैंसीमा खोरेत रोगको समस्याले चितवनका किसान हैरान

**काठमाडौं ।** आफूले पालेका गाई-भैंसीमा खोरेत रोगको समस्या देखिन थालेपछि पूर्वी चितवन रत्ननगर नगरपालिका र भरतपुर महानगरका किसान हैरान बनेका छन् ।

पशु सेवा कार्यालय प्रमुख डा प्रभात न्यौपानेका अनुसार भरतपुर महानगरपालिका-२७ को गाई फार्म र रत्ननगरमा रहेका गाई फार्ममा खोरेतको लक्षण देखिए पनि प्रयोगशालाबाट नतिजा आउन बाँकी भए पनि मंसिर ११ गते भरतपुर महानगर क्षेत्रका गाईको नमूना खोरेत तथा सीमाविहीन पशु रोग अन्वेषण प्रयोगशाला काठमाडौंमा पठाइएको र १६ गते नतिजा आएको हो ।

कार्यालय प्रमुख डा न्यौपानेले रोग देखिएका क्षेत्रमा खोरेतविरुद्धको खोप लगाउने काम भइरहेको जानकारी दिए र । भाइरसका कारण सर्ने यो रोग लागेका गाई-भैंसीमा दुईदेखि तीन दिन १०४ डिग्री ज्वरो आउने, जिब्रोको छाला जाने, गर्भवती भए गर्भ तुहिने, दूध उत्पादन घटाउने, खुट्टामा घाउ हुने, दानापानी नखानेजस्ता लक्षण देखिने गरेको छ । उनले खोरेत रोग गाई-भैंसी र बुंगुरमा बढी मात्रामा देखिने गरेको बताए ।

जिल्लाका सबै पशुचौपायालाई खोरेतविरुद्धको खोप लगाइएको भए पनि बाहिरबाट खरिद गरेर ल्याइएका पशुमा यो रोग देखिएको हुनसक्ने बताए । बाहिरबाट खरिद गरेर ल्याएका पशुलाई २१ दिनसम्म क्वारेन्टाइनमा राखेर मात्र आफ्नो बथानमा मिसाउन र संक्रमिण देखिएका पशुलाई समेत छुट्टै राखेर उपचार गर्न कार्यालयले आग्रह गरेको छ ।

जंगली जनावरबाट समेत खोरेत रोग सर्नसक्ने भएकाले गाई-भैंसीलाई चरनमा लैजाँदा सतर्कताका अपनाउनुपर्ने र हरेक फार्ममा जैविक सुरक्षाको विधि अपनाएर वर्षमा दुई पटक खोरेतविरुद्धको खोप लगाउन कार्यालय प्रमुख न्यौपानेको सुझाव रहेको छ ।

# झुटो विवरण पेस गरी नागरिकता र राहदानी बनाउने तीन पक्राउ

**काठमाडौं ।** झुटो विवरण पेस गरी नागरिकता, राष्ट्रिय परिचयपत्र र राहदानी बनाउने कार्यमा संलग्न रहेको अभियोगमा तीन जनालाई प्रहरीले पक्राउ गरेको छ ।

झुटो विवरण पेस गरी नागरिकता र राहदानी बनाउने कार्यमा संलग्न दाङ तुलसीपुर उपमहानगरपालिका-१७ घर भई काठमाडौं तारकेश्वर-८ शान्तिटोल बस्ने ४३ वर्षीय यमबहादुर बस्नेत, झापा कचनकबल गाउँपालिका-३ घर भई ललितपुर महालक्ष्मी-१ इमाडोल बस्ने ५१ वर्षीय कृष्णबहादुर कटुवाल तथा झापा भद्रपुर नगरपालिका-९ घर भई काठमाडौं महानगरपालिका-३० ज्ञानेश्वर बस्ने ४१ वर्षीय सूर्यबहादुर खड्कालाई पक्राउ गरिएको उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक काजीकुमार आचार्यले जानकारी दिए हुन् ।

पक्राउ परेका उनीहरूमाथि नागरिकता, लिखत कीर्ते र संगठित अपराधसम्बन्धी कसुरमा थप अनुसन्धान तथा आवश्यक कारबाहीको लागि जिल्ला प्रहरी कार्यालय झापा पठाइएको प्रवक्ता आचार्यले बताए ।

# चीन नेपालको असल छिमेकी रहँदै आएको छ : मन्त्री खरेल

**काठमाडौं ।** सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले नेपाल र चीन लामो समयदेखिको असल छिमेकी रहँदै आएको धारणा व्यक्त गर्दै नेपाल एक चीन नीतिप्रति प्रतिबद्ध रहेको बताएका छन् । राजधानी काठमाडौंमा बिहीबार आयोजित चौथो संकरणको 'चाइना-नेपाल मिडिया समिट'लाई सम्बोधन गर्दै उनले नेपालको विकास र सदभावका निम्ति चीन सरकारको निरन्तर सहयोगको सराहना गरेका हुन् ।

चीनले नेपालको विशेषगरी पूर्वाधार विकासमा उल्लेखनीय योगदान पुऱ्याएको उल्लेख गर्दै उनले भने 'चीन नेपालको लामो समयदेखिको सहयोगी छिमेकी हो, खासगरी नेपालको पूर्वाधार विकास, आर्थिक विकास, शिक्षा, स्वास्थ्य, पर्यटन, संस्कृति, सम्पदाको विकास प्रवर्द्धनमा उत्तिकै योगदान छ, यसका लागि चीन सरकार र चिनियाँ जनताप्रति आभार प्रकट गर्दछु ।'

कार्यक्रममा नेपालका लागि जनगणतन्त्र चीनका कन्सुलर भु फेङले चीन र नेपालबीचको सम्बन्धको विविध आयामबारे चर्चा गरेका थिए । दक्षिण एसिया नेटवर्क टेलिभिजन तथा नेपाल चाइना मिडिया फोरमद्वारा आयोजित समिटमा चिनियाँ र नेपाली सञ्चारमाध्यमबिच अन्तर्राष्ट्रिय विषयवस्तुमा छलफलमा केन्द्रित रहेको थियो ।

# १५ वर्षमै सुरु भएको थियो ओलीको राजनीतिक यात्रा

**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टी (एमाले)को भरखरै सम्पन्न ११औं राष्ट्रिय महाधिवेशनबाट तेस्रो कार्यकालका लागि अध्यक्ष पदमा विजयी हासिल गरेका केपी शर्मा ओलीको राजनीतिक जुझारु, संघर्षशील एवं जेलनेल भोगेका, अध्ययनशील, निर्णयमा अडिग र आफूलाई विश्वास गर्ने व्यक्तित्व रूपमा उनको वृतमा चर्चित छन् ।

झापा विद्रोहको नेतृत्वदायी भूमिका रहेका उनले जेलनेलसहित अनेकौं आरोह-अवरोह झेलेर मुलुकको राजनीतिक केन्द्रमा आउन सफल ओलीले तीन पटक देशको नेतृत्त्व गरिसकेका छन् । यसअघि एमालेका दुई कार्यकाल नेतृत्व गरिसकेका नेता ओली यस पटक पनि अध्यक्ष पद आफ्नो पक्षमा पार्न सफल भएका छन् । पछिल्लो पटक २०८१ असार ३१ मा नेपाली काँग्रेससँगको सहकार्यमा चौथो पटकका लागि मुलुकको प्रधानमन्त्री बनेका ओली गत भदौ २३ र २४ गतेको 'जेन-जी' आन्दोलनपछि प्रधानमन्त्रीबाट राजीनामा दिन बाध्य भएका थिए । त्यससँगै मंसिर २७ देखि काठमाडौंमा सुरु भएको ११औं महाधिवेसनमा पार्टीभित्र पुस्तान्तरण र हस्तान्तरणको आवाज उठे पनि देश र प्रदेशबाट छानिएर आएका महाधिवेशन प्रतिनिधिहरूले पुनः ओलीलाई नै अर्को कार्यकालका लागि नेतृत्वको जिम्मेवारी सुम्पेका छन् ।

अध्यक्ष ओली २०७१ साउन १ मा काठमाडौंमा सम्पन्न पार्टीको नवौं राष्ट्रिय महाधिवेशनमा पहिलो पटक अध्यक्षमा निर्वाचित भएका थिए । यसैगरी २०७८ मंसिर दोस्रो साता चितवनामा सम्पन्न एमालेको दसौं राष्ट्रिय महाधिवेशनबाट ओली दोस्रो पटक अध्यक्ष बनेका थिए ।हरपल उखानटुक्का मिसाएर व्यङ्ग्यात्मक अभिव्यक्ति दिन माहिर र हठी स्वाभावका नेता ओली वर्तमान संविधान जारी भएसँगै २०७२ असोज २४ गते पहिलो पटक मुलुकको प्रधानमन्त्री बनेका थिए । त्यही मेसोमा उनी तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) को समर्थनमा २०७४ फागुन ३ गते झन्डै दुई तिहाइ बहुमतसहित दोस्रो पटक प्रधानमन्त्री बने । २०७५ जेठ ३ मा एमाले र तत्कालीन माओवादी केन्द्रको एकतापछि पहिलो वरियताको अध्यक्ष बनेका उनी पार्टीभित्रको विवाद तथा विभाजनबीच संसद विघटन गर्ने उनको निर्णय सर्वोच्च अदालतबाट बदर भएपछि सरकार बाहिर पुगेका थिए ।

निम्नमध्यम वर्गीय परिवारमा बुबा मोहनप्रसाद र आमा मधुमायाका पुत्रका रूपमा पूर्वी पहाडी जिल्ला तेह्रथुमको आठराईस्थित इवा गाउँमा साधारण किसान परिवारमा २००८ फागुन ११ मा जन्मिएका पूर्व प्रधानमन्त्री ओली लोकतन्त्रका लागि लामो संघर्ष, जेलनेल, पटक-पटक कठोर यातना भोग्ने नेता पनि मानिन्छन् । चार वर्षकै उमेर आमाको मृत्यु भएपछि उनलाई हजुरआमा रमादेवी पालनपोषणमा हुर्केबढेका थिए । सोही क्रममा २०२० मा तेह्रथुमबाट बसाइँ सरेर ओलीको परिवार झापा पुगेपछि त्यहीको सामाजिक, सांस्कृतिक, शैक्षिक तथा आर्थिक परिवेशमा हुर्कँदै अगाडि बढे । अध्यक्ष ओलीको राजनीतिक उदय झापा आन्दोलनको सिर्जना र कठोर भूमिगत संघर्षबाट भएको थियो । राजतन्त्रात्मक पञ्चायती शासन व्यवस्थाको विरोधसहित देशभक्ति, लोकतन्त्र, समानता, सामाजिक न्याय, भेदभावरहित समाज र जनजागरणका पक्षमा भएका आन्दोलनमा सदैव उनी नेतृत्वदायी भूमिकामा रहँदै आएका छन् ।

ओली पन्ध्र वर्षको किशोर उमेरमै २०२३ मा रामनाथ दाहालको अगुवाइमा रहेको मार्क्सवादी अध्ययन दलमा सामेल भएका थिए । नेता दाहालसहित पाँच योद्धालाई तत्कालीन पञ्चायती सरकारले जेल सार्ने बहानामा सुखानीको जंगलमा गोली हानी हत्या गरेको थियो । मार्क्सवादी अध्ययन दलमा सामेल भएको दुई वर्षमै पूर्णकालीन राजनीतिमा जोडिएर २०२६ माघमा उनले नेपाल कम्युनिस्ट पार्टीको सदस्यता लिएका थिए । कम्युनिस्ट आन्दोलनमा होमिएका ओली २०२६ मा पहिलो पटक पञ्चायती सरकारको गिरफ्तारीमा परेका थिए । पञ्चायती व्यवस्थाको विरोधका क्रममा नेता ओलीलगायत झापा आन्दोलनका क्रान्तिकारीहरू २०३० सालमा पक्राउ परेर चार वर्ष गोलघरको यातनासहित १४ वर्ष लामो कठोर कारावास जीवन बिताएका थिए । उनी जेलमा रहँदा २०३५ पुस ११ मा गठित नेपाल कम्युनिस्ट पार्टी (माले)को संस्थापक र २०४४ असार ११ मा जेलबाट रिहा भए र त्यही वर्षको पुस २ मा बसेको नेकपा (माले) को केन्द्रीय कमिटी बैठकबाट केन्द्रीय सदस्य बनेका थिए ।

पञ्चायती व्यवस्थाविरुद्धको आन्दोलन परिचालकका लागि लुम्बिनी अञ्चल इन्चार्जको जिम्मेवारी सम्हालेका थिए । नेकपा (माले) समेतको नेतृत्वमा सञ्चालित जनआन्दोलनले निरंकुश पञ्चायती व्यवस्था पराजित भएपछि २०४७ जेठ १ गते नेता ओली पार्टीको युवा संस्था प्रजातान्त्रिक राष्ट्रिय युवा संघ, नेपालको संस्थापक अध्यक्ष बनेका थिए । नेपालको कम्युनिस्ट आन्दोलनलाई एकीकरण र विस्तार गर्ने क्रममा २०४७ पुस २२ गते नेकपा (माले) र नेकपा (मार्क्सवादी) बीच पार्टी एकीकरण भएर नेकपा (एमाले) बन्दा ओली केन्द्रीय सदस्य बनेका थिए ।

पछि २०४६ को जनआन्दोलनबाट बहुदलीय व्यवस्थाको स्थापनापछि २०४८ मा पहिलो आम निर्वाचनमा झापाको निर्वाचन क्षेत्र नं ६ बाट प्रतिनिधिसभाको सदस्यमा निर्वाचित ओली २०५१ मा भएको मध्यावधि निर्वाचनमा झापा क्षेत्र नं २ बाट प्रतिनिधि सभा सदस्य बनेका थिए । त्यससँगै पार्टी पोलिटब्युरो सदस्य हुँदै विदेश विभाग, प्रचार विभाग र संसदीय विभाग प्रमुखको जिम्मेवारी सम्हाल्दै उपप्रधान र परराष्ट्रमन्त्री बन्न पुगे । सोही क्रममा २०५१ मा मनमोहन अधिकारीको नेतृत्वमा गठन भएको प्रथम जननिर्वाचित कम्युनिस्ट सरकारमा ओली पहिलो पटक मुलुकको गृहमन्त्री बनेका थिए । भृकुटीमण्डपमा बिहीबार सम्पन्न ११औं महाधिवेशनको अन्तिम मतपरिणाम सार्वजनिक हुँदा १६६३ मतसहित निर्वाचित भएका ओली २०७१ असारमा भृकुटीमण्डपमै भएको नवौं महाधिवेशनमा भने तत्कालीन महासचिव माधवकुमार नेपालसँग झिनो मन्तान्तरले पराजित भएका थिए । २०७८ भदौमा एमाले विभाजन भएसँगै चितवनको सौराहामा सम्पन्न १०औं महाधिवेशनमा पूर्वउपाध्यक्ष डा भीम रावलले उम्मेदवारी दिएपछि मतदान प्रक्रियामा जानु परेको थियो ।

भदौ २३ र २४ गते भएको 'जेन-जी' विद्रोहबाट सत्ताच्यूत भएका तत्कालीन प्रधानमन्त्री ओली पार्टीभित्र नेतृत्व हस्तान्तरणको बहस पेचिलो हुँदै गएपछि नियमित महाधिवेशनलाई एक वर्ष अगाडि आयोजना गरेर नेतृत्वमा आफ्नो पकडलाई मजबुत बनाएका हुन् । 'जेन-जी' विद्रोहका क्रममा बालकोट निवास ध्वस्त भएपछि ओली अहिले श्रीमती राधिका शाक्यका साथ भक्तपुरको गुन्डुमा बस्दै आएका छन् । ओलीका बुवा मोहनप्रसाद ओली, भाइ जयप्रसाद ओली र भाइबुहारी इन्दिरा ओली झापामा बस्दै आएका छन् ।

एसएलसीसम्म अध्ययन गरेका ओली नेपाली राजनीतिमा प्रखर वक्ताका रूपमा चिनिन्छिन् । उनी २०७२, २०७४ र २०८१ मा गरी जम्मा चार पटक प्रधानमन्त्री भए । समकालीन राजनीतिका चतुर खेलाडी मानिने ओली आफ्नो रुखो बोलीका कारण बेलाबखत विवादमा आउने गरेका छन् । १७ वर्षको उमेरमा वामपन्थी आन्दोलनमा सहभागी भएका ओली २२ वर्ष पूरा नहुँदै १४ वर्षे जेल जीवन बिताउन बाध्य भए । तत्कालीन शासन सत्ताको विरोधमा उत्रिएका उनी पहिलो पटक २०२७ फागुन १६ गते झापाबाट गिरफ्तार भए । पहिलो गिरफ्तारमा झापा पुलिस थानामा बसेका उनी २०२७ र २०३० का बिचमा पटक-पटक गरी १० पटकभन्दा बढी गिरफ्तार भएका थिए ।

यस्तै, २०३० असोज २३ गते रौतहटबाट पक्राउ परी जेल जीवन सुरु हुँदा रौतहटको गौर जेल, गौर थाना, २ दिन राखेर पछि वीरगञ्ज थाना, वीरगञ्ज जेलमा चलान गरिएको थियो । त्यही मंसिर ८ मा भद्रगोल जेल काठमाडौं ल्याइएका ओलीलाई ३ दिनपछि मंसिर ११ मा सेन्ट्ल जेल गोलघर चलना गरिएको थियो । मंसिर ११ देखि २०३२ बैशाख १६ सम्म सेन्ट्रल जेल गोलघरमा राखिएका ओलीलाई २०३३ साउनमा नख्खु जेल चलान गरिएको थियो । २०३३ मंसिरमा पुनः केन्द्रीय कारागार गोलघरमै फर्काइयो । २०३६ जेठमा गोलघर बाहिर राखिएका ओलीलाई २०३७ चैतमा पुनः नख्खु जेल चलान गरिएको थियो ।

सोही क्रममा २०३९ माघ ३ मा पोखरा जेल चलान गरिएका ओलीलाई २०४२ कात्तिकमा स्याङ्जा जेल चलान गरियो । २०४३ मंसिर ८ मा हनुमानढोका जेलमा ल्याइयो ओलीलाई २०४३ माघ १२ मा पुनः भद्रगोल जेल चलान गरिएका उनलाई २०४४ असार ११ मा भद्रगोल जेलबाट रिहा भएका थिए । झापा- ६ बाट २०४८ मा सम्पन्न आमनिर्वाचनमा प्रतिनिधिसभा सदस्य निर्वाचित ओली २०५१ मा सम्पन्न मध्यावधि निर्वाचनमा झापा-६ बाटै प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका थिए भने २०५१ मंसिर १४ गठित नेपालको पहिलो कम्युनिस्ट सरकारमा गृहमन्त्रीको जिम्मेवारी पाएका थिए । २०५६ मा सम्पन्न आमनिर्वाचनमा झापा-२ र ६ बाट प्रतिनिधि सभा सदस्य एवं । साथै, नेकपा एमाले दलको उपनेता चयन । २०६३ जेठमा गठित मन्त्रिपरिषद्मा उप-प्रधानमन्त्री तथा परराष्ट्रमन्त्री बनेका थिए भने २०७० मंसिरमा सम्पन्न संविधानसभा निर्वाचनमा झापा-७ बाट संविधानसभा सदस्य र २०७४ मंसिरमा सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा झापा-५ बाट विजयी भएका थिए ।

यसैगरी एमाले अध्यक्षमा नवनिर्वाचित ओलीले विभिन्न चरणमा पार्टी र सरकारकातर्फ चीन, भारत, बंगलादेश, भुटान, श्रीलंका, जापान, सिंगापुर, भियतनाम, अस्ट्रेलिया, अमेरिका, बेलायत, जर्मनी, फ्रान्स, रसिया, स्विडेन, फिलिपिन्स, काजकिस्तान, पेरु, मेक्सिको, पोर्चुगल, स्पेन, कतार, मलेसिया, क्युवा, युक्रेन, नेदरल्यान्ड, बेल्जियम, साइप्रस, बेलारुसलगायत दुई दर्जनभन्दा बढी देशको यात्रा गरिसकेका छन् । प्रधानमन्त्रीको हैसियतमा पछिल्लो समय भदौ १४ देखि १८ गतेसम्म जनवादी गणतन्त्र चीनको भ्रमण गरेका ओलीले साङ्घाई सहयोग संगठन (एससिओ) शिखर सम्मेलनमा भाग लिने क्रममा २३ सदस्यीय नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गरेका थिए । ओली पहिलोपटक बेइजिङमा आयोजना भएको ८०औं वार्षिकोत्सवका विशेष सैनिक परेड कार्यक्रममा समेत सहभागी भएका थिए ।

चीन भ्रमणको क्रममा ओलीले चिनियाँ राष्ट्रपति सी जिनफिङ, रुसका राष्ट्रपति भ्लादिमिर पुटिन, भारतका प्रधानमन्त्री नरेन्द्र मोदी लगायत नेताहरूसँग साइड लाइन भेटवार्ता गरेका थिए । एससिओ शिखर सम्मेलनमा सहभागी भएर स्वदेश फर्किएलगत्तै पाँचै दिनमा अकल्पनीय 'जेन-जी' प्रदर्शन भएर ओली सत्ताच्युत भएका थिए ।

**विश्व संक्षेप**

# भेनेजुएलामा आक्रमण गर्ने ‘घातक गल्ती नगर्न’ पुटिनको चेतावनी

**एजेन्सी ।** रुसले भेनेजुएलामा ‘घातक गल्ती’ नगर्न आग्रह गर्दै अमेरिकी ट्रम्प प्रशासनलाई संयमता अपनाउन आह्वान गरेको छ । मस्कोले आफ्नो सहयोगी काराकाससँग निरन्तर सम्पर्कमा रहेको बताएको छ।
अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले भेनेजुएलामा प्रतिबन्धित तेल ट्यांकरहरूको नाकाबन्दी गर्न यसै हप्ता आदेश दिएका थिए। यसले वासिङ्टन र भेनेजुएलाका वामपन्थी नेता निकोलस मदुरोको नेतृत्वमा रहेको दक्षिण अमेरिकी देशबीच नयाँ तनाव बढेको संकेत गर्दछ।

भेनेजुएलाले आफ्नो कच्चा तेलको निर्यातमा कुनै असर नपरेको दाबी गर्दै आएको छ। नेता मदुरो क्रेमलिनको सहयोगी मानिन्छन् र वर्षौंदेखि मस्कोमा नियमित पाहुना हुँदै आएका छन् । मस्कोको विदेश मन्त्रालयले ह्वाइट हाउसले भेनेजुएलामा कुनै पनि ‘घातक गल्ती’ गर्न अनुमति नदिनेमा विश्वास व्यक्त गरेको छ । अमेरिका सम्पूर्ण पश्चिमी गोलार्द्धमा अप्रत्याशित परिणामहरूको खतरा हुने स्थितिमा थप चिप्लिनबाट जोगिनेछ’ भन्ने विदेश मन्त्रालयले उल्लेख गरेको छ। उसले ‘तनाव कम गर्न’ वार्ताका लागि आह्वान गरेको छ र मदुरोको सरकारलाई समर्थन गरेको छ।

क्रेमलिनले भेनेजुयलासँग निरन्तर सम्पर्कमा रहेको जनाएको छ। क्रेमलिनका प्रवक्ता दिमित्री पेस्कोभले भने ‘हामी यस क्षेत्रका सबै देशहरूलाई संयम अपनाउन आग्रह गर्दछौं ताकि स्थितिमा कुनै पनि अप्रत्याशित विकास हुन नसकोस् ।’ यसै साताको सुरुमा अमेरिकी राष्ट्रपति ट्रम्पले भेनेजुयलालाई दक्षिण अमेरिकाको इतिहासमै अहिलेसम्मकै सबैभन्दा ठूलो अर्मादाले घेरिएको बताएका थिए। क्रेमलिनले विगतमा भेनेजुएलाको संघर्षरत अर्थतन्त्रलाई उकास्न मद्दत गरेको थियो । रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले यसै महिनाको सुरुमा मदुरोलाई फोन गरी आफ्नो समर्थन जारी रहने दोहोऱ्याए थिए।

# तेल नाकाबन्दी अस्वीकार गर्दै भेनेजुएला

**काराकास ।** भेनेजुएलाले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले घोषणा गरेको सम्भावित तेल नाकाबन्दीको कडा अवहेलना गर्दै आफ्नो कच्चा तेल निर्यातमा कुनै असर नपरेको दाबी गरेको छ। बुधबार काराकासले सार्वजनिक प्रतिक्रिया दिँदै तेल व्यापार सामान्य रूपमा जारी रहेको स्पष्ट पारेको हो।

मंगलबार ट्रम्पले भेनेजुएलाबाट भित्र-बाहिर हुने सबै तेल ट्यांकरहरूलाई लक्षित गर्दै ‘पूर्ण र सम्पूर्ण अवरोध’ लगाएको घोषणा गरेका थिए । यो कदमलाई अधिनायकवादी वामपन्थी राष्ट्रपति निकोलस मदुरोविरुद्ध महिनौंदेखि चलिरहेको सैन्य तथा आर्थिक दबाब अभियानको पछिल्लो कडीका रूपमा हेरिएको छ। विश्वकै सबैभन्दा ठूलो प्रमाणित तेल भण्डार रहेको भेनेजुएलाले भने यस्तो घोषणाले आफूलाई नछोएको बताएको छ । राज्य स्वामित्वको तेल कम्पनी पेट्रोलिओस डे भेनेजुएला (पीडीभीएसए) ले विज्ञप्ति जारी गर्दै ‘कच्चा तेल तथा उप-उत्पादनको निर्यात सञ्चालन पूर्ण रूपमा सामान्य अवस्थामा छ र कम्पनीसँग सम्बन्धित ट्यांकरहरू सुरक्षित रूपमा यात्रा गरिरहेका छन्’ भनी जानकारी दिएको छ।

ट्रम्पले क्यारिबियन क्षेत्रमा रहेको भारी अमेरिकी सैन्य उपस्थितिको उल्लेख गर्दै भेनेजुएला ‘दक्षिण अमेरिकाको इतिहासकै सबैभन्दा ठूलो नौसैनिक घेराबन्दीमा परेको’ चेतावनी दिएका थिए। बुधबार पुनः उनले अमेरिकी सेनाले कसैलाई पनि भेनेजुएलाभित्र पस्न नदिने दोहोऱ्याए र भेनेजुएलाले ‘हाम्रो सबै तेल लिएको’ आरोप लगाए। उनले भेनेजुएलाको तेल उद्योग राष्ट्रियकरणप्रति संकेत गर्दै अमेरिका आफ्नो ऊर्जा अधिकार फिर्ता चाहने धारणा व्यक्त गरेको हो।

यसैबीच, राष्ट्रपति मदुरोले संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेससँग टेलिफोन वार्ता गरी वासिङ्टनबाट आएका ‘खतराहरूको वृद्धि’ र त्यसले क्षेत्रीय शान्तिमा पार्न सक्ने प्रभावबारे छलफल गरेको छ। महासचिव गुटेरेसले दुवै पक्षलाई संयम अपनाउन र तनाव कम गर्न आग्रह गरेका थिए। भेनेजुएलाको अर्थतन्त्र मुख्यतः पेट्रोलियम निर्यातमा निर्भर छ। ट्रम्पको दबाब अभियानको उद्देश्य मदुरोको आन्तरिक समर्थन कमजोर पार्नु रहेको विश्लेषकहरू बताउँछन्। तर भेनेजुएलाको सेनाले आफूहरू यस्तो धम्कीबाट ‘डराएका छैनौं’ भन्ने प्रतिक्रिया दिएको छ। भेनेजुएलाको तेलको प्रमुख बजार चीनले पनि काराकासलाई समर्थन जनाएको छ। चिनियाँ विदेशमन्त्रीले आफ्ना भेनेजुएलाली समकक्ष यवन गिलसँग फोनवार्ता गर्दै सबै एकपक्षीय धम्कीको विरोध गर्ने र सबै देशको सार्वभौमिकताको रक्षा गर्न समर्थन जनाउने बताए। गत हप्ता एम/टी स्किपर नामक जहाज अमेरिकी कारबाहीमा कब्जा भएपछि मदुरोविरुद्धको दबाब झनै तीव्र भएको मानिन्छ। अगस्टमा ट्रम्पले क्यारिबियन क्षेत्रमा सन् १९८९ पछि सबैभन्दा ठूलो अमेरिकी सैन्य तैनाथीको आदेश दिएका थिए। जसलाई औपचारिक रूपमा लागुऔषध तस्करीविरुद्धको कदम भनिए पनि भेनेजुएलालाई लक्षित गरिएको आरोप काराकासले लगाउँदै आएको छ।

क्यारिबियन र पूर्वी प्रशान्त क्षेत्रमा भएका यस्ता अमेरिकी कारबाहीमा कम्तीमा ९९ जनाको ज्यान गइसकेको छ, पछिल्लो आक्रमणमा मात्र चार जनाको मृत्यु भएको बताइएको छ । काराकासले यी अपरेसनहरू मदुरोलाई हटाउने र भेनेजुएलाको तेल नियन्त्रणमा लिने प्रयासको आवरण भएको दाबी गरेको छ। बढ्दो तनावका बीच सम्भावित अमेरिकी हस्तक्षेपको डर पनि चुलिँदै गएको छ। मेक्सिकोकी राष्ट्रपति क्लाउडिया सेनबामले संयुक्त राष्ट्रसङ्घको भूमिका कमजोर देखिएको टिप्पणी गर्दै ‘कुनै पनि रक्तपात रोक्न’ अन्तर्राष्ट्रिय पहल आवश्यक रहेको बताए। अमेरिकी नाकाबन्दीले भेनेजुएलाको कमजोर अर्थतन्त्रलाई गहिरो असर पारेको इतिहास छ। सन् २०१९ देखि अमेरिकी तेल प्रतिबन्ध झेल्दै आएको भेनेजुएलाले आफ्नो तेल कालो बजारमा निकै सस्तो मूल्यमा, मुख्यतः एसियाली मुलुकहरूमा बेच्नुपरेको छ। हाल देशले प्रतिदिन करिब १० लाख ब्यारेल तेल उत्पादन गर्छ । यो उत्पादन सन् २००० को सुरुआततिरको उत्पादनभन्दा धेरै कम हो।

विश्लेषकहरूका अनुसार यो नयाँ नाकाबन्दीले छोटो अवधिमा भेनेजुएलाको अर्थतन्त्रको ‘मुख्य जीवनरेखा काट्न सक्ने’ खतरा बोकेको छ र मध्यम अवधिको प्रभाव अमेरिका-भेनेजुएला सम्बन्ध कतातर्फ जान्छ भन्नेमा निर्भर रहनेछ।

# डोपिङ सूचीमा भारत फेरि पहिलो

**नयाँदिल्ली ।** विश्व एन्टी-डोपिङ एजेन्सी (वाडा) ले लगातार तेस्रो वर्ष भारतलाई विश्वव्यापी खेलकुद डोपिङ ठगीको सूचीमा सबैभन्दा खराब प्रदर्शन गर्ने देशका रूपमा घोषणा गरेको छ। वाडाले यसलाई भारतका लागि ‘सन्देहास्पद ह्याट्रिक’ को संज्ञा दिँदै गम्भीर चिन्ताको विषय भएको जनाएको छ।

अन्तर्राष्ट्रिय निगरानी निकाय वाडाले मङ्गलबार राति सार्वजनिक गरेको वार्षिक प्रतिवेदनअनुसार भारतको नेसनल एन्टी-डोपिङ एजेन्सी ( नाडा) ले सन् २०२४ मा पिसाब र रगतका गरी सात हजार ११३ नमूना संकलन गरेको थियो। तीमध्ये २६० नमूना डोपिङका लागि पोजिटिभ देखिएको प्रतिवेदनमा उल्लेख छ।

सन् २०३० को राष्ट्रमण्डल खेलकुद आयोजना गर्ने तयारीमा रहेको भारतका लागि यी निष्कर्षहरू ठूलो झट्काका रूपमा आएको छ। उक्त प्रतियोगिता सन् २०३६ को ओलम्पिक आयोजना गर्ने भारतको दीर्घकालीन महत्त्वाकांक्षातर्फको एक महत्त्वपूर्ण पाइला मानिन्छ।

प्रतिवेदनअनुसार गत वर्ष सबैभन्दा धेरै डोपिङ घटना एथलेटिक्समा देखिएका छन्, जहाँ ७६ खेलाडी पोजिटिभ फेला परेका थिए। त्यसपछि भारोत्तोलनमा ४३ र कुस्तीमा २९ डोपिङका घटना देखिएका छन्।

यसै वर्ष जुलाईमा अन्डर-२३ कुस्ती च्याम्पियन तथा पेरिस ओलम्पिक क्वार्टरफाइनलिस्ट रितिका हुडाले डोपिङ परीक्षणमा सकारात्मक नतिजा देखाएपछि उहाँलाई अस्थायी रूपमा निलम्बन गरिएको थियो। त्यस्तै, यस महिनाको सुरुमा भारतमा आयोजना भएको युनिभर्सिटी गेम्सका क्रममा डोपिङ विरोधी अधिकारीहरूको कडा निगरानीका कारण केही खेलाडी भागेपछि केही ट्र्याक एन्ड फिल्ड प्रतियोगितामा एक जना मात्र खेलाडी प्रतिस्पर्धामा उत्रिएको रिपोर्टहरू पनि सार्वजनिक भएका थिए।

एक अर्ब ४० करोड जनसङ्ख्या भएको विश्वको सबैभन्दा बढी जनसङ्ख्या भएको देश भारत सन् २०२२ र २०२३ मा पनि डोपिङ ठगीको सूचीमा पहिलो स्थानमा रहेको थियो, जसले यो समस्या दीर्घकालीन रहेको देखाउँछ। वाडाको प्रतिवेदनअनुसार सन् २०२४ मा फ्रान्स ९१ वटा सकारात्मक मामिलासहित सूचीमा अर्को उच्च स्थानमा रहेको छ भने इटाली ८५ मामिलासहित तेस्रो स्थानमा छ। रुस र संयुक्त राज्य अमेरिका दुवै ७६-७६ मामिलासहित त्यसपछि रहेका छन्। जर्मनीमा ५४ र चीनमा ४३ डोपिङका घटना दर्ता भएका छन्।

प्रतिवेदन सार्वजनिक भएपछि नाडा भारतले डोपिङविरुद्धको आफ्नो अभियानको बचाउ गरेको छ। नाडाले बुधबार जारी गरेको विज्ञप्तिमा स्पष्ट पार्दै भनेको छ, “हालका वर्षहरूमा भारतले आफ्नो एन्टी-डोपिङ ढाँचामा उल्लेखनीय सुदृढीकरण गरेको छ।” नाडाका अनुसार परीक्षणको सत्ा मात्र बढाइएको छैन, खेलकुदमा डोपिङको जोखिम न्यूनीकरण गर्न शिक्षा र जनचेतनामा पनि विशेष जोड दिइएको छ।

नाडाले यसै वर्ष डिसेम्बर १६ सम्म सात हजार ६८ परीक्षण सम्पन्न भएको र तीमध्ये ११० नमूना पोजिटिभ देखिएको जानकारी दिएको छ। अन्तर्राष्ट्रिय ओलम्पिक कमिटी (आइओसी) ले भारतमा प्रदर्शन बढाउने औषधिहरूको व्यापक प्रयोगप्रति चिन्ता व्यक्त गर्दै देशलाई आफ्नो आन्तरिक व्यवस्थापन सुधार गर्न आग्रह गरेको केही महिनापछि वाडाको यो प्रतिवेदन सार्वजनिक भएको हो। आइओसीले भारतको खराब डोपिङ रेकर्डलाई गम्भीर रूपमा लिएको सङ्केत दिएपछि भारतीय ओलम्पिक सङ्घले गत अगस्टमा नयाँ एन्टी-डोपिङ प्यानल गठन गरेको थियो। भारत सरकारले खेलकुद क्षेत्रमा कडाइका साथ नियम कार्यान्वयन गर्न, परीक्षण पूर्वाधार विस्तार गर्न तथा ‘खेलकुदको अखण्डताको उच्च मापदण्ड सुनिश्चित गर्न’ नयाँ राष्ट्रिय डोपिङ विरोधी विधेयक पनि पारित गरिसकेको छ।



## एमालेमा...

पन्त कसैका पक्षमा नखुले पनि पोखरेल पक्षकै मानिएका छन्। एमाले चुनावबाट उपाध्यक्ष अरुण नेपालले ४३९, गुरु प्रसाद बरालले ११३७, गोकर्ण राज विष्टले १३६८, टकं प्रसाद कार्कीले ३५८ पर्शुराम मेघि गुरुङले ४६१, पृथ्वी सुब्बा गुरुङले १७३७, भिम प्रसाद आचार्यले २६५ रघु जी पन्तले १२५८ रामबहादुर थापा बादलले १५१६ विन्दा पाण्डेले ९२१, विष्णु प्रसाद पौडेलले १६७५, महासचिव शंकर पोखेलले १२२८ मत प्राप्त गरे।

यसैगरी, सुरेन्द्र प्रसाद पाण्डेले ९९९, उपमहासचिव आनन्द प्रसाद पोखेलले ६३५ योगेस भट्टराईले १३४८, रघुविर महासेठले १३६८, राजेन्द्र प्रसाद गौतमले २७०, लेखराज भट्टले १४५२, विष्णु प्रसाद रिमालले १०९१, वैजनाथ चौधरीले ५१७ र सचिव अग्नि प्रसाद खरेलले ७१६ मत पाएका हुन्। एमालेको चुनावबाट इन्द्रलाल साप्कोटालाई ४०५ कर्णबहादुर थापालाई ८४७ कृष्ण गोपाल श्रेष्ठलाई ६२५, खगराज अधिकारीलाई १३३१, गोकुल प्रसाद बास्कोटालाई १०३०, छविलाल विश्वकर्मालाई १५०६, ठाकुर प्रसाद गैरेलाई ८८३, पद्मा कुमारी अर्याललाई १५३० पुर्सोतम पौडेललाई ४६२, पेम्वा लामालाई ४९३, भानुभक्त ढकाललाई १९०८, महेश बस्नेतलाई १५३४, यमलाल कडेललाई ११८५, रचना खड्कालाई ८७७, राजन भट्टराइलाई ११८१, लाल बाबु पण्डितलाई ७९६, विनोद प्रसाद ढकाललाई ६८४, शेरधन राईलाई १५०३ र हिक्मत कुमार कार्कीलाई १३३७ मत प्राप्त भएको छ।

यसैगरी, एमालेको ३०१ केन्द्रीय कमिटीमध्ये सबैभन्दा कम उमेरका दुई युवा विजयी भएका छन्। खुला महिला क्लस्टरबाट उम्मेदवार भएका अस्मिता थापाले १८६९ मत र एलिसा गौतमले १८१२ मत ल्याएर विजयी भएका छन्। यस्तै, काठमाडौं महानगरपालिकाकी उपमेयर सुनिता डंगोलले १६६८ मत तथा पूर्व सभामुख दिवंगत सुवासचन्द्र नेम्वाङका छोरा सुहाङ नेम्वाङले १७०१ मत ल्याएर केन्द्रीय सदस्यमा निर्वाचित भएका हुन्। जारी महाधिवेशनमा सर्वाधिक रुचाइएका सुहाङले पनि लोकप्रिय मतसहित पहिलो पटक पार्टीको केन्द्रीय कमिटीमा प्रवेश गरेका छन्। बुबाको निधनपछि राजनीतिमा जोडिएका सुहाङले छोटो समयमै आफूलाई स्थापित गराएका छन्। उनी इलाम क्षेत्र नम्बर २ को प्रतिनिधि सभा सदस्यमा निर्वाचित भएसँगै राजनीतिकमा सक्रिय छन्।

यस्तै, खुला महिलाबाट सर्वाधिक लोकप्रिय २०४४ मत प्राप्त गर्दै भगवती चौधरी केन्द्रीय सदस्यमा निर्वाचित भएकी छन्। महिला तथा बालबालिका मन्त्री समेत भइसकेकी चौधरीपछि बागमती प्रदेशबाट महिलातर्फकी उम्मेदवार रहेकी निरकुमारी कुँवर (निरु दर्लामी) ले २००५ लोकप्रिय मतसहित केन्द्रीय सदस्यमा विजयी भएकी हुन्। एमालेको नयाँ नेतृत्व चयनका लागि मंगलबार विद्युतीय भोटिङ उपकरण प्रयोग गरी मतदान गर्ने निर्णय गरेको थियो। पार्टीको केन्द्रीय निर्वाचन आयोगका अध्यक्ष डा विजय सुब्बाका अनुसार मंगलबार मतदानको समय तोकिएको थियो। यसअघि सोमबार राति उम्मेदवारी मनोनयन दर्ता सम्पन्न भएर उम्मेदवारको अन्तिम नामावलीअनुसार कुल ३०१ केन्द्रीय सदस्य, २५ सदस्यीय लेखा आयोग र २५ सदस्यीय अनुशासन आयोगका गरी ३५१ पदका लागि निर्वाचन भएको हो।

चुनावमा अध्यक्ष पदका लागि वर्तमान अध्यक्ष ओली र वर्तमान वरिष्ठ उपाध्यक्ष पोखरेलबीच प्रतिस्पर्धा भएको हो। मतदानमा कूल २ हजार २६३ जना महाधिवेशन प्रतिनिधिले सहभागी भएका थिए।


## मतदानमा सहभागी बनौं !

- मतदान गर्नु नागरिकको अधिकार र कर्तव्य हो।
- मतदाताको अधिकारलाई जिम्मेवारीपूर्वक निर्वाह गरौं।
- मतदाता नामावलीमा आफ्नो नाम दर्ता भए-नभएको यकिन गरौं।
- मतदानस्थल, केन्द्र र समयको बारेमा जानकारी राखौं।
- मतदान गर्न जाँदा मतदाता परिचयपत्र अनिवार्य रूपमा लिएर जाऔं।
- दबाव र प्रभावमा परी मतदान नगरौं।
- व्यक्तिगत विवेकका आधारमा मतदान गरौं।
- अस्वस्थ, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिलाई मतदान केन्द्रसम्म पुग्न सहयोग गरौं।
- सामाजिक सद्भाव, शान्ति र सुरक्षित वातावरण कायम गरी मतदान गरौं।
- राष्ट्रिय हित, विकास र सुशासनका पक्षमा योग्य प्रतिनिधि छानौं।

नेपाल सरकार

विज्ञापन बोर्ड


## पशुपतिनाथमा स्वयंसेवा गर्छु : सदस्य सचिव शर्मा

**काठमाडौं।** पशुपति क्षेत्र विकास कोषका नवनियुक्त सदस्य सचिव प्रकाशमणि शर्मा भुसालले बुधबार पदबहाली गरेका छन्। नेपाल वेद विद्याश्रमका वटुकबाट वैदिक मन्त्रोच्चारणसहित पदबहाली बुधबार पदबहाली गरेका उनले आफूले पाउने तलब भत्ता भगवान पशुपतिनाथकै कोषमा अर्पण गर्ने घोषणा गरेका हुन्। शर्मालेआफूले पाउने पारिश्रमिक पशुपतिनाथलाई नै अर्पण गरी स्वयंसेवा गर्ने बताए।

'म यहाँबाट कुनै पारिश्रमिक लिन्नँ, मैले पाउने सेवा सुविधासहित सबै पारिश्रमिक श्रीको संरक्षणमा अर्पण गर्छु। पारिश्रमिकबाट जम्मा हुने रकमले यहाँका बिग्रिएका सम्पदाको संरक्षण र संबर्द्धनमा उपयोग गरिने छ' सदस्य सचिव भुसालको भनाइ थियो।

सदस्य सचिव शर्माले पशुपतिनाथको लोप भएको सम्पत्ति खोजी गर्ने प्रतिबद्धता व्यक्त गर्दै विश्वभरका दुई अर्बभन्दा धेरै वैदिक सनातन हिन्दू धर्मावलम्बीको पवित्र तीर्थस्थलका रूपमा पशुपति क्षेत्रलाई विकास गरी धार्मिक पर्यटन प्रवर्द्धन गर्न आफू प्रतिबद्ध रहने समेत बताए। कोषका कोषाध्यक्ष नारायणप्रसाद सुवेदी, कार्यकारी निर्देशक सुभाषचन्द्र जोशीलगायत कर्मचारीले कोषको कार्यालयमा उनलाई स्वागत गरेका थिए।

## माहुरी पालेर स्वदेशमै मनग्गे आम्दानी

**कैलाली।** परिश्रम गरे स्वदेशमै मनग्य आम्दानी गर्न सकिन्छ भन्ने दाङ तुलसीपुर उपमहानगरपालिका मदन नगरका विनोद हमालले व्यावसायिक माहुरीमालन गरेर पुष्टि गरेका छन्।

माहुरीपालनबाट बर्सेनी करोडौंको आम्दानी गर्दै आएका हमाल समाजका लागि उदाहरणीय बनेका हुन्। विगत ०५५ देखि व्यवसायीक रूपमा माहुरीपालन गर्दै आएका हमालबाटै माहुरीपालनसम्बन्धी सीप सिकेर धेरै युवाहरू माहुरीपालन व्यवसायमा संलग्न भएका छन्। 'सुरुमा सीमित व्यक्ति मौरीपालनमा थियौं। अहिले दाङमा मात्र चार-पाँच सय जना पुगिसक्नुभएको छ' त्यो समयमा १२-१५ जना माहुरीपालक किसान रहेका जानकारी दिँदै उनले भने 'थोरै लगानीले मनग्य आम्दानी दिने भएपछि युवाहरूको आकर्षण बढ्दै गएको छ।'

दाङदेखि कैलालीसम्मका तराईका जिल्लाहरूमा जता फूल फुल्यो उतै माहुरीका घार घुमाइरहने उनी आलभोली तोरीको फूल फुल्ने कैलालीको भजनी नगरपालिकामा पुऱ्याएका छन्। उनले यतिबेला उनले कैलाली र बर्दियाका विभिन्न ठाउँमा पाँच सय माहुरीका घार तोरी फुलेका खेतहरूमा राखेका छन्। माहुरी किसान हमालले कैलालीलगायतका तराईका जिल्लामा बर्सेनी तोरी फुल्ने समयमा दाङबाट दर्जनौं मौरीपालक किसान माहुरीका घार बोकेर आउने गरेका छन्। उनीहरू कैलाली, बर्दिया, बाँके, दाङका विभिन्न क्षेत्रमा माहुरीका घार बोकेर चराउन जाने गर्छन्। मौरीका लागि उपयुक्त हावापानी भएका कारण दाङमा माहुरी व्यवसाय फस्टाएको पाइन्छ।

माहुरीका लागि दाङको हावापानी राम्रो रहेको जानकारी दिँदै उनले तोरी अनि मकैखेती राम्रो हुने हुँदा माहुरी चरणका लागि तोरी र मकैको फूल निकै महत्वपूर्ण मानिने जानकारी दिए। स्वर्गद्वारी विकन्सर्न प्रालिमार्फत माहुरीपालन गर्दै आएका हमालले १५ जनालाई प्रत्यक्ष रोजगारी दिएका छन् भने अप्रत्यक्ष रूपमा सयौं व्यवसायसँग जोडिएका छन्।

अहिले वर्षका एक लाख केजीसम्म मह उत्पादन एवं प्रतिकेजी पाँच सयभन्दा बढी मूल्यमा बिक्री गर्दै आएका हमाललले महको मूल्य समेत फूलको स्रोतका आधारमा तय गरिने जानकारी दिए। मह उत्पादक किसानका लागि बजाको कुनै समस्या नभएको पनि उनले बताए। 'पैसा विदेशभन्दा स्वदेशमा धेरै छ। हामी जसरी खटिएर विदेशमा आठ घण्टा काम गर्छौं, त्यसैगरी स्वदेशमा गरौं त' उनले भने 'दश घण्टा कुरा गरेर अनि सामाजिक सञ्जाल चलाएर व्यतित गर्दा बाँकी दुई-तीन घण्टा काम गरेजस्तो गएर पैसा कमाउन सकिँदैन। आम्दानी हुँदैन। व्यवसायमा दत्तचित्त भएर लाग्यो भने हरेक व्यवसायको स्वदेशमा सम्भावना छ।'

## ह्वात्तै बढ्यो चिसो, कञ्चनपुरमा बिहानैदेखि हुस्सु र कुहिरो

**काठमाडौं।** बिहानैदेखि लाग्ने हुस्सु र कुहिरोले ह्वात्तै बढेको चिसोले कञ्चनपुरबासीको जनजीवन प्रभावित बनेको छ। चिसोका कारण दिउँसो पनि घाम नलाग्दा बालबालिका, ज्येष्ठ नागरिक तथा शिविरमा बसोबास गर्ने विपन्न परिवार मात्रै होइन विद्यालय जाने बालबालिका, सवारी चालक, किसान सबै प्रभावित बनेका हुन्।

चिसोले दैनिक जनजीवनसँगै आवतजावत र स्वास्थ्यमा समेत असर पारेको स्थानीयले बताए। हुस्सु र कुहिरोका कारण बिहानको समयमा सवारीसाधन सञ्चालन गर्न समेत कठिनाइ परिरहेको सवारी चालकहरूले बताएका छन्। बस चालक राजेन्द्रबहादुर ऐरका हुस्सु र कुहिरोले भिजिबिलिटी अत्यन्त कम हुने भएकाले सवारी चलाउन जोखिम बनेको हो। अगाडिको सडक नदेखिने भएकाले सवारी सञ्चालन गर्न गाह्रो पर्ने गरेको सुनाउँदै उनले गति कम गरेर सावधानीपूर्वक चलाउनुपर्ने अवस्था रहेको बताए। विद्यालय जाने बालबालिका बाक्लो कुहिरो र चिसो हावाले कठ्याङ्ग्रिने हुँदा विद्यार्थीलाई विद्यालय जान समस्या पर्ने गरेको अभिभावकले गुनासो पोखे। हुस्सु र कुहिरोका कारण चिसो बढेपछि किसानहरूलाई खेतबारीमा काम गर्ने किसानलाई पनि सताएको छ। अत्याधिक चिसोका कारण खेतबारीमा लगाइएका तरकारी बालीमा डढुवाको प्रकोप देखिन थालेको किसानको गुनासो रहेको छ।

लालझाडीका किसान रामप्यारा चौधरीले लगातार हुस्सु र चिस्यानका कारण बालीमा रोग फैलन थालेको बताए। चिसोका कारण आलु र गोलभेडाखेतीमा डढुवाको समस्या देखिन थालेको बताए। चिसोका कारण स्वास्थ्य संस्थामा बिरामीको चाप बढ्न थालेको छ। चिसोका कारण विशेषगरी बालबालिका र ज्येष्ठ नागरिक बढी प्रभावित हुने गरेको जानकारी दिँदै स्वास्थ्यकर्मी प्रेम धामीले स्वास्थ्य संस्थाहरूमा रुघाखोकी, ज्वरो तथा श्वासप्रश्वास सम्बन्धी समस्या लिएर आउने बिरामीको संख्या बढेको बताए।

## ओलीका प्रमुख सल्लाहाकार रिमाल हारे

**काठमाडौं।** नेपाल कम्युनिस्ट पार्टी (एमाले)मा तेस्रो पटक अध्यक्ष विजयी केपी शर्मा ओलीका प्रमुख सल्लाहाकार विष्णु रिमाल पराजित भएका छन्। भृकुटी मण्डपमा बिहीबार सम्पन्न ११औं महाधिवेशनबाट ओली पक्षका उपाध्यक्षमा उम्मेदवारी गुरु बराल समेत पराजित भएका हुन्।

उपाध्यक्षमा पृथ्वीसुब्बा गुरुङ, विष्णु पौडेल, रामबहादुर थापा बादल, गोकर्णराज विष्ट र रघुजी पन्त विजयी हुँदा बराल ११ सय ३७ मत ल्याएर पराजित भए।

ओलीका प्रतिद्वन्द्वी ईश्वर पोखरेल प्यानलका विष्ट उपाध्यक्षमा विजयी भएका छन्। उपमहासचिवमा लेखराज भट्ट, रघुवीर महासेठ र योगेश भट्टराई विजयी हुँदा ओलीका विश्वासपात्र रिमाललार्य पोखरेल प्यानलका भट्टराई विजयी भए। पार्टीका १९ पदाधिकारीमध्ये बराल र रिमालबाहेक सबैले नै जित हात पारैका छन्।

प्रकाशक: **कोसेली मिडिया सपोर्ट प्रा.लि.** सम्पादक : **सानु राय (गौतम)** [९८४९६००२०९] बजार व्यवस्थापक : **माधवप्रसाद न्यौपाने** [९८४६५२८५०२]

**कार्यालय** : जोरपाटी, काठमाडौं **फोन** : ९८४७३९५३८६ **इमेल** : janajibro.news@gmail.com **वेबसाइट** : www.janajibro.com **मुद्रण** : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं